# गेरुवा गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ८ | संख्याः १२ | मितिः२०८१/०९/१२

भाग २

गेरुवा गाउँपालिकाको सूचना

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा १ बमोजिम बनेको गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ बमोजिम गेरुवा गाउँ कार्यपालिकाले मिति २०८१/०९/१२ मा जारी गरेको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०८१ सालको नियम नं. १२**

# गेरुवा गाउँपालिकाको विपद् जोखिम न्यूनिकरण रणनीतिक कार्ययोजना, २०८१

(२०८१-२०८७)

# गेरुवा गाउँपालिकाको विपद् जोखिम न्यूनिकरण रणनीतिक कार्ययोजना, २०८१ (२०८१-२०८७)

प्रमाणीकरण मितिः २०८०/०९/१२

## गेरुवा गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना, २०८१

**तयारी :** स्थानिय विपद जोखिम न्युनिकरणस्थानिय रणनीतिक कार्ययोजना तयारी कार्यदल

| | | |
|---|---|---|
| संयोजक | : | श्री कृष्णगोपाल चौधरी ( वन वातावरण समिति संयोजक) |
| सदस्य | : | श्री निर्मल चौधरी (सामाजिक समिति संयोजक ) |
| सदस्य | : | श्री कृष्ण थारु ( विधायन समिति संयोजक) |
| सदस्य | : | श्री नवराज अधिकारी (शिक्षा शाखा प्रमुख ) |
| सदस्य | : | श्री नारायण भण्डारी (स्वास्थ्य शाखा प्रमुख) |
| सदस्य | : | श्री शंकर रोकाया (पुर्वाधार शाखा प्रमुख) |
| सदस्य | : | श्री कुलनारायण चौधरी (योजना शाखा प्रमुख) |
| सदस्य | : | श्री रमा पुनमगर, (महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा) |
| सदस्य | : | नेपाल रेडक्रस सोसाईटी उपशाखा |
| सदस्य | : | प्राक्टिकल एक्सन |
| सदस्य | : | भेरी वातावरणिय विशिष्टता समुह - बिग्रुप) |
| सदस्य सचिव | : | श्री कृष्ण सोडारी (विपद शाखा प्रमुख) |

**प्राविधिक तथा आर्थिक सहयोग :**

प्राक्टिकल एक्शन र भेरी वातावरणीय विशिष्टता समूहको साझेदारीमा संचालित जलवायु उत्थानशील परियोजना

**मिति :** २०८१ साल मंसिर २८ गते

Climate Resilience Alliance BEE-GROUP Practical ACTION

**द्रष्टव्य :**

गेरुवा गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना २०८१, गेरुवा गाउँपालिकाको विपद् जोखिम व्यवस्थापन समितिबाट निर्णय भए अनुसार तयार गरिएको छ । गाउँपालिका स्तरमा स्थानिय विपद् व्यवस्थापन समितिका प्रतिनिधिहरु, वडाका प्रतिनिधिहरु, सामुदायिक विपद व्यवस्थापन समिति, बडघरहरु, रेडक्रस प्रतिनिधि, सुरक्षा निकाय, मध्यवर्ति वन व्यवस्थापन समिति, गाउँपालिकास्थित सरोकारवालाका साथै विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तयारीका लागि कार्यदल समेतबाट प्राप्त सुझावका आधारमा यस प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनको उपयोग विपद् व्यवस्थापनका क्षेत्रमा कार्य गर्ने सबै निकाय तथा संस्थाले गर्न सक्नेछन् ।

# अध्याय १
# पृष्ठभूमि

**पृष्ठभूमि**

नेपाल भौगोलिक तथा जैविक विविधताले भएको मुलुक हो । यहाँ धेरै किसिमका प्रकोपको जोखिम तथा यसको असर बढी मात्रामा देखिन्छ । नेपाल भिरालो र कमजोर भौगोलिक संरचना, चलायमान भौगर्भिक अवस्था, बदलिँदो हावापानी र मानवीय असावधानीका कारण प्राकृतिक र गैरप्राकृतिक बहुप्रकोपको उच्च जोखिममा रहेको छ। विश्वव्यापी रूपमा भूकम्पीय जोखिमका दृष्टिले नेपाल ११ औं, जलवायु परिवर्तनका जोखिमको दृष्टिले चौथो स्थानमा रहेको (गृह मन्त्रालय २०१५) छ। देशका धेरै जिल्लाहरूमा हरेक वर्ष विभिन्न प्रकारका प्रकोपका घटनाहरू दोहोरिइरहने गर्दछन् र ८० प्रतिशतभन्दा बढी जनसंख्या बाढी, पहिरो, हावाहुरी, असिना, आगलागी, भूकम्प तथा हिमताल विस्फोटन जस्ता बहुप्रकोपहरूको जोखिममा रहेका छन्। समग्र विपद्का हिसाबले नेपाल २०औं संकटासन्न राष्ट्रको रूपमा सूचीकृत छ (गृह मन्त्रालय २०१७) ।यसका कारण नेपाल विश्वमै प्रकोपको जोखिम र प्रकोपसँग जुध्ने क्षमताको दृष्टिले निकै कमजोर अविकसित राष्ट्रमा पर्दछ।

नेपालको संघीय संरचना अनुरुप लुम्बिनी प्रदेशमा पर्ने बर्दिया जिल्लामा ८ वटा स्थानीय तह (६ वटा नगरपालिका र २ वटा गाउँपालिका ) रहेका छन । बर्दिया जिल्ला बहु प्रकोपीय दृष्टिकोणले उच्च जोखिममा रहेको जिल्ला मध्य एक हो। यस जिल्लाको भौगोलिक अवस्थिति, धरातलीय स्वरुप, माटो, जलवायु विविधता र संवेदनशीलता नै प्रकोपका मुख्य कारण हुन् खासगरी भौगोलिक अवस्था, प्राकृतिक श्रोतसाधनको उचित व्यवस्थापनमा कमी, अव्यवस्थित भू-उपयोग, भवन आचारसंहित अनुरुप संरचना तथा निर्माणमा कमी एवम् खडेरी, आगलागी, जंगली जनावरको आक्रमण एवं जलउत्पन्न प्रकोपहरुबाट सिर्जना भईरहेको छ। विगतदेखि हालसम्मको प्रकोपको इतिहासलाई नियाल्दा यस जिल्लामा देहायका प्रकोपहरुबाट बढि प्रभावित भएको देखिन्छ । बर्दिया जिल्लामा रहेका प्रमुख प्रकोपहरुको रुपमा बाढी/डुबान, जंगली जनावरको आतंक, आगलागी, सडक दुर्घटना, हावाहुरी, शितलहर, खडेरी, असिना, किटजन्यआतंक, शर्पदंश, लुजस्ता प्रकोपहरु रहेका छन्। जिल्लाको अधिकांश क्षेत्र बर्दिया राष्ट्रिय निकुञ्ज तथा मध्यवर्तिक्षेत्र संग जोडिएको तथा नेपाल तथा भारतको संरक्षितक्षेत्रमा बन्यजन्तुको आवागमनका लागी महत्वपुर्ण जैविकमार्ग समेत पर्ने हुँदा मानव बन्यजन्तु द्वन्दबाट समेत बर्षेनी मानविय, घरपालुवाजिव, कृषिबालीका साथै भौतिक सम्पत्तिको क्षति ब्यहोर्न परिरहेको छ। यस बाहेक बर्दिया जिल्लामा रहेका पुराना सरकारी तथा नीजि संरचनाहरु, विद्यालय भवनहरु भवन निर्माण आचारसंहिताको पालनाबिना तथा प्रायः कुनैपनि प्राविधिक परामर्श बिना नै निर्माण गरिएकाले भूकम्पीय दृष्टिकोणबाट पनि संवेदनशील रहेको जिल्लाको रुपमा हेर्न सकिन्छ। हरेक बर्ष विशेष गरि बाढीको डुबान कटान, मानवबन्यजन्तुद्वन्द, हावाहुरी, आगलागी महामारी तथा सडक दुर्घटना जस्ता विपद बाट प्रभावित भैरहन्छ । बर्षा तथा कर्णाली, गेरुवा, बबई , औराहीखोला, मानखोलामा आउने बाढी कारण हुने डुबान/कटान, बर्षायाममा सर्पको टोकाई, गर्मियाममा हुने आगलागीका घटना एवम, हिउँदमा हप्तौं चल्ने शितलहरका कारणले जिल्लाका अधिकांश विपन्न परिवार तथा समुदायहरु विपद जोखिममा रहेका छन । तुलनात्मक रुपमा हरेक बर्ष दोहोरीने र एकैपटक धेरै जनसंख्या लाई प्रभाव पार्ने भएकाले बदिर्या जिल्लामा बाढी र हावाहुरी मुख्य प्रकोपको रुपमा रहेका छ। (DPRP Bardiya 2024) ।

बर्दिया जिलाको उत्तर पश्चिममा कर्णाली नदिले निर्माण गरेको भौरा टापु क्षेत्रको मध्य देखि उत्तरीभेगमा पर्ने साविकका ४ गा.वि.स.हरु क्रमश, पाताभार, गोला, पशुपतिनगर र मनाउँ लाई एकिकृत गरि २०७३ फाल्गुन २७ गते गेरुवा गाउँपालिकाको स्थापना भएको हो । यस गाउँपालिकाको पूर्व भएर बग्ने कर्णाली नदीको पुर्वी भंगालो लाई स्थानियस्तरमा गेरुवानदीको नामले चिनिन्छ ,यही नदिको नामबाट यस गाउँपालिकाको नामाकरण गरिएको छ। यस पालिकाको उत्तर, पूर्व रहेको कर्णाली नदी पारी बर्दिया राष्ट्रिय निकुञ्ज अवस्थित छ र गेरूवा गाउँपालिका बर्दिया रा.नि.को मध्यवर्ती क्षेत्र समेत हो । गाउँपालिकाको कुल सिमा मध्ये ३६ कि.मि. कर्णाली

नदि तटीय क्षेत्र सँग जोडिएको छ । गाउँपालिकाको कुल क्षेत्रफल ७८.४१ बर्ग कि.मि. रहेको छ जुन बर्दिया जिल्लाकै क्षेत्रफलका आधारमा सबै भन्दा सानो स्थानीय तह हो । विश्व मानचित्रमा यस पालिका २८° २४' १८.१७'' देखि २८°३५' ३६.०४' उत्तरी अक्षांस सम्म र ८१° ८' ५१'' देखि ८१° १५' १२' पूर्वी देशान्तरसम्म फैलिएको छ भने समुन्द्रसतह बाट १४५ मिटर देखि १८० मिटर सम्मको उचाइमा फैलिएको छ । गेरुवा गाउँपालिकाको २०८० सालको सर्भे अनुसार यस गाउँपालिकामा ७८८२ परिवार परिवारका का ४१४२६ जनसंख्या बसोबास गर्दछन ।

| वडा नं. | घरधुरी | जनसंख्या | कृषिमा मात्र आवद्ध घरधुरी | १ लाख भन्दा कम आम्दानि हुने घरधुरी |
|---|---|---|---|---|
| १ | ११६७ | ६२५४ | ४३६ | ५४४ |
| २ | १११९ | ५७०० | ३४२ | ४२३ |
| ३ | ११४० | ५८२४ | १३२ | २३३ |
| ४ | १५३६ | ८२६९ | ५१२ | ४१३ |
| ५ | १५१८ | ८२२१ | ३५९ | ५४० |
| ६ | १४०२ | ७१५८ | ३८७ | ५६७ |
| **जम्मा** | ७८८२ | ४१४२६ | २१६८ | २७२० |

नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरुलाई योजनाबद्ध र व्यवस्थित गर्न संविधानमा यस सम्बन्धमा व्यवस्था गरेको छ। विपद् जोखिम न्युनिकरण राष्ट्रिय रणनीति २०६६, जारी गरेपछि नेपालमा विपद जोखिम न्युनिकरण तथा व्यवस्थापनका क्षेत्रमा उल्लेखनिय कार्यहरुको शुरुवात भएको पाईन्छ। जलवायु परिवर्तन नीति २०६७, भू-उपयोग नीति २०६९, जल उत्पन्न प्रकोप व्यवस्थापन नीति २०७२, राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति २०७२, राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा २०७० (प्रथम संसोधन २०७५), बस्ती विकास, शहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत मार्गदर्शन २०७२, राष्ट्रिय शहरी विकास रणनीति २०७३ आदि महत्वपूर्ण कानूनी तथा नीतिगत आधार हुन् भने नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६ पछिल्ला महत्वपूर्ण कानूनी व्यवस्था हुन् । साथै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ ले व्यवस्था गरेका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिष्द, कार्यकारी समिति, प्राधिकरण, प्रदेश, जिल्ला तथा स्थानीय तहका विपद् व्यवस्थापन समितिहरु विपद व्यवस्थापनका क्षेत्रका संस्थागत व्यवस्थाका रुपमा रहेका छन् ।
विपद् जोखिम न्यूनीकरणका लागि मूलतःसेण्डाइ कार्यढाँचा, तथा राष्ट्रिय विपद जोखिम न्युनिकरण रणनितिक कार्ययोजना २०७५ ( २०१८-२०३०) लाई स्थानियकरण गरि दिगो विकासका लक्ष्यहरुमा टेवा पुगाउनका साथै स्थानिय स्तरमा रहेका सम्भावित जोखिम न्युनिकरणका लागी स्थानिय प्रयासहरुलाई व्यवस्थीतरुपमा अगाढी बढाउने आवश्यकता लाई महसुस गरिएको छ। विपद् जोखिम व्यवस्थापनमा विगतका सिकाई र अनुभवहरु, २०७२ सालको गोरखा भूकम्प, २०७४ सालको तराई बाढी तथा पछिल्ला COVID-19 जस्ता महामारीका घटनाहरुको सिकाई र अनुभव समेतलाई आधार बनाई विद्यमान विपद् जोखिमको न्यूनीकरण तथा नयाँ सम्भावित जोखिमको प्रभावकारी रोकथाम गरी विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील पालिकाको निर्माण गर्न गेरुवा गाउँपालिको यस विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना, २०८१ (२०२४-२०३०) तयार गरेको छ।

## २. गाउँपालिकाको विपद् जाखिमको अवस्था :

यस पालिका बाढी बाट हुने डुवान र कटान प्रमुख प्रकोप तथा समस्याको रुपमा देखिएको छ भने बर्दिया राष्ट्रिय राष्ट्रिय निकुञ्जको मध्यवर्ति क्षेत्र भएकोले मानवबन्यजन्जुद्वन्द दोस्रो प्रकोपको रुपमा पहिचान भएको छ। बढ्दो

सवारी चापका कारण हुने गरेको सवारी दुर्घटना तेस्रो जोखिमका रुपमा लिइएको छ यसरी नै विगतको प्रभाव र भविश्यमा पार्न सक्ने असरका आधारमा र आगलागी चौथो, महामारी पाँचौ, शितलहर छैठौ, हावाहुरी सातौ, आठौमा खडेरी, नबौमा चट्याङ्ग, पहिचान भएको छ । नेपालको भौगोलिक अवस्था, नेपालको विगतको अनुभव र भविश्यमा हुन सक्ने सम्भावनाको आंकलन र नेपाल सरकारको नीतिगत ब्यवस्था अनुसार भूकम्पको जोखिमलाई स्तरिकरणमा नराखिएता पनि यस जोखिमलाई पहिलो जोखिमको रुपमा लिइएको छ । साथै कृषि बालिमा रोगकिराको प्रकोप पनि प्रमुख समस्याको रुपमा देखिदै आएको छ।

**२.१ भुकम्प**

गाउँपालिकामा भुकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचार संहिता पूर्ण रुपमा लागु नभएको देखिन्छ । गाउँपालिकाका केही बजार क्षेत्रहरुमा पक्की भवनहरु बन्ने क्रम बढिरहेको देखिएता पनि भवन आचार संहिताको पालन पूर्ण रुपमा नभएको साथै भुकम्पीय जोखिम न्यूनीकरणका लागी आवश्यक जनचेतना तथा आवश्यक पुर्वतयारीको कमीका कारण यस गाउँपालिकाका सम्पुर्ण बस्तिहरुमा भुकम्पको जोखिम रहेको देखिन्छ ।

**२.२ बाढी**

गाउँपालिकामा विशेषत कर्णाली, गेरुवा, मैलानाला, बुढीकुलो लगायतका नदी तथा नालाहरु बग्ने गरेको र वर्षायाममा नदी तथा नालाहरुले आसपासका भुभागहरू बर्षेनी डुवान र कटान गरि क्षति पुऱ्याइरहेको छ । बर्षेनी धेरै संख्यामा परिवारहरू प्रभावित भइरहेका देखिन्छन् । साथै बाढी जोखिम न्यूनिकरणका लागी जनचेतनामा कमी, संकटासन्न समुदायहरुको बसोबास, जोखिम बढाउने किसिमका अव्यवस्थित बिकास निर्माणका कार्यहरु तथा आवश्यक पुर्वतयारीको कमीका कारण यस पालिका बाढीको जोखिम उच्च रहेको छ ।

**गेरुवा गाउँपालिका रहेका नदी तथा नाला र तिनले प्रभाव पार्ने बस्ति विवरण**

| नदी, खोलाको नाम | नदी तथा नालाले छोएका जोखिम वस्तीहरु |
|---|---|
| कर्णाली नदी | जनकनगर, बनखेत, सरखोल, थापापुर, भठेरा, बगहीपुर |
| गेरुवा नदी, कर्णाली नदी | अति जोखिमः राजिपुर (५६ घर), बनघुस्रा (४० घर), टिकुलिगढ (९ घर)<br>मध्यम जोखिमः राजिपुर (११४ घर), बनघुस्रा (४० घर), टिकुलिगढ (१५९ घर), उल्टनपुर, पाताभार, रोगाहि |
| कर्णाली नदी, बुढी कुलो | भगतपुर, लोहापुर , बन्कट्टी, सन्कट्टी,खुटेहना,बालुवाटार, गणेशपुर |
| कर्णाली नदी, बुढी कुलो | शान्तीपुर, राजीपुर, दंगपुर, उत्तरगोला, दक्षिणपुर खल्लागाँउ, खोनपुर |
| गेरुवा कर्णाली नदी, बुढी कुलो | अति जोखिमः (स्याउली बजार १२९ घर), बृन्दा (२५ घर), बन्जरिया (५० घर), पथरैया (३५ घर)<br>मध्यम जोखिमः . सुखाड (८० घर), बृन्दा (६५ घर), बन्जरिया (६० घर), हरिपुर (१६ घर लक्ष्मिपुर (१५ घर), पहाडिपुर (१२ घर), झबहि (८ घर), पशुपतीनगर (१५ घर) जुगुत्पर (१६ घर), पथरैया (३५ घर) |
| गेरुवा कर्णाली नदी, बुढी कुलो, मैलानाला | सोनहाफाटा, गुप्तिपुर, मनाउ, पर्सेनि, लौहागद्, नौरङ्मा, हात्तिखल्ला, गौचरन |

**२.३ मानवबन्यजन्तु द्वन्द :**

गेरुवा गाउँपालिकाको पूर्वपट्टी रहेको बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ति क्षेत्रको रुपमा रहेको यस गेरुवा गाउँपालिकामा क्षेत्रका बस्तिमा बन्यजन्तुको आक्रमण नियमितरुपमा भै रहने समस्याको रुपमा रहेको छ। समय समयमा हात्तीले बस्तिमा पसि मानविय तथा भौतिक क्षति, बँदेल, बाँदरले खेतीबालीमा क्षति र बाघले मानविय तथा पशुचौपायामा क्षति गरिरहेको देखिन्छ ।

| क्र. सं. | जंगली जनावरको आतंक हुने प्रमुख जोखिम वस्तीहरु |
|---|---|
| १ | जनकनगर, बनखेत, सरखोल, थापापुर, भठेरा, बगहीपुर, (अति जोखिम ७००, मध्यम जोखिम ३०० घर) |
| २ | राजिपुर , बनघुस्रा , टिकुलिगढ, भौरमपुर |

| | |
|---|---|
| ३ | भगतपुर, लोहापुर , बन्कट्टी, सन्कट्टी,खुटेहना,बालुवाटार, गणेशपुर |
| ४ | शान्तीपुर, राजीपुर, दंगपुर, उत्तरगोला, दक्षिणपुर खल्लागाँउ, खोनपुर, |
| ५ | स्याउली बजार, बृन्दा, बन्जरिया, झबहि |
| ६ | सोनहाफाँटा, गुप्तिपुर, मनाउ, पर्सेनि, लौहागढ, नौरङ्मा, हात्तिखल्ला, गौचरन |

**२.४ आगलागी :**

गाउँपालिकाको अधिक क्षेत्र र वस्तीहरुमा कच्चि तथा खरले छाएका घरहरुमा रहेका, सचेतना अभाव, पर्याप्त सावधानीका उपायहरुको कमी, खाना पकाउने कोठाका भित्ताहरू माटोले नपोत्नु, हावाहुरी चलेको बेला खाना पकाउनु र चुल्होमा आगो राख्ने चलन रहनु, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटर जस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेको पाइएको छ । आगलागीबाट गाउँपालिकाको करिव १० प्रतिशत घरहरु प्रत्यक्ष जोखिममा रहेका छन्।

**२.५ महामारी :**

बाढी पश्ंचात प्रकोपका रुपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतना कमी, अनुकूलन क्षमताको अभावका कारण झाडापखाला, हैजा जस्ता रोगहरुले महामारीको रुप लिन सक्ने देखिन्छ । साथै कोभिड १९ जस्ता महामारीबाट यस गाउँपालिका लाई प्रभावित गरेको पाईन्छ । कोभिड-१९ संक्रमणका कारण १८ जनाको मृत्यु भएको र ५९४ व्यक्ति संक्रमण भएका थिए।

| विपदको प्रकार | जोखिमको किसिम | बडा नं.१ | बडा नं.२ | बडा नं.३ | बडा न.४ | बडा नं.५ | बडा नं.६ | गाउँपालिकाको जम्मा | आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| महामारी | जोखिम घरधुरी | ३०० | २०० | ८५१ | २८६ | ५८९ | ६५४ | २८८० | स्वास्थ्य संस्था बाट प्राप्त जोखिमको बर्गिकरण तथ्यांक तथा रेडक्रस बाट प्राप्त घरधुरी तथ्यांक |

**२.६ मौसमी सुख्खा/खडेरी :**

पानी नपरेको समयमा नहरको सिचाईं नपुगेका भागहरुमा खडेरीका कारण बालीनालीहरु नष्ट हुने, सोचेको जस्तो उत्पादन नहुने जस्ता समस्याहरु देखा पर्ने गरेको देखिन्छ । खडेरीबाट प्रत्यक्षप्रभावित समुदायमा वडा नं. ५ को स्याउली बजार, वडा नं. ६ का सोनहाफाँटा, गुप्तिपुर रहेका छन् । त्यस्तै बालीनालीहरूमा रोगकिराको प्रकोप बढ्न गै किसानहरूलाई आर्थिक हानी पुर्याउँछ ।

**२.७ हावाहुरी**

हावाहुरीले बस्तीहरूमा व्यापक क्षति पुर्याउने, घरहरू तथा, रूखहरू ढल्ने, र कृषिमा नोक्सान गर्ने गर्दछ । विशेष गरी भवन, र भौतिक संरचनाहरूलाई नष्ट गर्ने, विद्युतीय लाइनहरू र यातायात नेटवर्कलाई पनि हानि पुर्याउँछ। हावाहुरीका कारण प्रत्येक वर्ष करिब दुई तिहाई घरहरुका साथै सम्पत्तिमा सामान्य देखि प्रत्यक्षअसर गर्ने देखिन्छ ।

**२.८ शितलहर :**

शितलहरबाट विशेष गरी वृद्धवृद्धा, बालबालिका, र असक्त व्यक्तिहरू यसबाट बढी प्रभावित हुन्छन् । प्रत्येक वर्ष ५००० भन्दा वढी मानिसहरु शितलहरको जोखिममा रहेको पाइन्छ । श्वासप्रश्वासमा समस्या, हृदयाघात, र चिसोको कारण अन्य स्वास्थ्य जोखिमहरू पनि बढ्न सक्छन । शीतलहरले बालीलाई नोक्सान पुर्याउँछ, विशेष गरी सागसब्जी, फलफूल, र जाडो महिनामा रोपिएका बालीनालीहरू चिसोको कारण नष्ट हुन सक्छन् । यसले किसानहरूलाई ठूलो आर्थिक हानी पुर्याउँछ।

**२.९ चट्याङ :**


बढी जसो बर्षायाम र पानी परेको समयमा चट्याङ्गको बढी त्रास रहेको र पछिल्ला वर्षहरुमा जनधनको क्षति बढिरहेको पाइन्छ।

**२.१० सडक दुर्घटना**

बढदो यातायातका साधनहरू (जस्तै गाडी, मोटरसाइकल, बस, ट्रक, साइकल आदि), अत्यधिक गतिको प्रयोग, मादक पदार्थ सेवन गरी सवारी चलाउनु, ट्राफिक नियमको उल्लघन सडकको खराब अवस्था, प्राविधिक गडबडी आदिका कारण सडक दुर्घटनाका घटना बढिरहेको पाइन्छ ।

**३. विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तयारी गर्दा अपनाईएका विधिहरु :**
मुलुकको सघिय शासकीय व्यवस्था र संविधानमा भएको व्यवस्था बमोजिम गेरुवा गाउँपालिकाले आफ्नो दायित्व अनुरूप विशिष्ट भौगोलिक विशेषता, विपद् जोखिमको अवस्था र आवश्यकताका आधारमा स्पष्ट लक्ष्य सहित विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाको आवश्यकता महशुस गरी यस गाउँपालिका विपद जोखिम न्युनिकरण रणनितिक कार्ययोजना तर्जुमा प्रक्रियालाई अगाडि बढाएको हो ।

**विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तयार गर्न निम्न विधि र प्रक्रिया अवलम्बन गरिएका छन्** ।




**३.१. नीतिगत समिक्षा :** राष्ट्रिय कानून तथा नीतिगत आधारहरू र योजनाहरुको अध्ययन, पुनरावलोकन, विगतका अनुभव र अभ्यासबाट प्राप्त सिकाईको समिक्षाका साथै अन्तर्राष्ट्रिय कार्यढाँचा, विशेषगरी विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्यढाँचा, राष्ट्रिय विपद जोखिम न्युनिकरण रणनितिक कार्ययोजना २०७५, लुम्बिनी प्रदेशको प्रदेश विपद जोखिम न्यूनिकरण रणनितिक कार्ययोजना (२०७६–२०८७) को समिक्षा गरिएको छ । साथै, बर्दिया जिल्ला विपद पुर्वतयारी तथा प्रतिकार्य योजना २०८१, गाउँपालिका विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७६, गेरुवा गाउँपालिका विपद पुर्वतयारी तथा प्रतिकार्य योजना २०७९, स्थानिय विपद तथा जलवायु उत्थानशिल योजना २०७९, साथै स्थानीय तहमा भएका उल्लेखित सङ्कटासन्नता, क्षमता र जोखिमलाई दृष्टिगत गर्दै विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि भएका नीतिगत वा कानूनी व्यवस्था र कार्यगत अभ्यासको लेखाजोखा गरिएको छ ।
**३.२. स्थलगत भ्रमण तथा सरोकारवालासँग परामर्श :** विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना निर्माणको लागी प्रभारम्भिक बैठक २०८१ साल बैसाख २७ गते स्थानीय विपद् व्यवस्थापन समितिका अध्यक्षको संयोजकत्वमा सम्पन्न भएमो थियो । साथै स्थानिय विपद जोखिमको अवस्था पहिचानका लागी द्वितिय स्रोत बिश्लेषण, सम्बन्धित सरोकारवालाहरु, वडा समिति/वडा विपद व्यवस्थापन समिति, बडघर, सामुदायिक विपद व्यवस्थापन समिति, वडास्तरिय सरोकारवालाहरु नेपाल रेडक्रस उपशाखा, वडा स्तरमा रहेका सुरक्षा निकायहरु संग परामर्श तथा छलफल गरि वडा स्तरमा प्रकोप, जोखिम, सम्भावित क्षति, उपलब्ध क्षमताहरुको बारेमा आवश्यक छलफल तथा तथ्यांक संकलन कार्य २०८१ साल भाद्र १० देखि भाद्र १४ सम्म ६ वटै वडा कार्यालयमा सम्पन्न गरिएको थियो ।
**३.३. विपद् जोखिम विश्लेषण :** वडास्तरिय सरोकारवालाहरु संगको छलफल तथा तथ्यांक संकलन पश्चात उपलब्ध तथ्यांक लाई लेखाजोखा तथा विश्लेषण पश्चात प्रत्यक वडा सहित समग्र गाउँपालिकाको प्रकोप, संकटासन्नता, तथा उपलब्ध क्षमताको लेखाजोखाका साथै जोखिम न्यूनिकरणका लागी आवश्यक सम्भावित

गतिविधिहरुको पहिचान गर्ने प्रयास गरिएको छ । यसरी प्राप्त तथ्यांकलाई लेखाजोखा गरि अन्तिमरुप दिनका साथै सरोकारवालाहरु संग थप परामर्श विधि बाट अन्तिमरुप दिइएको थियो ।

**३.४. विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तयारी :** विभिन्न चरणमा सन्चालन गरिएका बैठक र कार्यशालाबाट प्राप्त सूचना तथा सुझावहरुबाट विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाको मस्यौदा तयार गरि २०८१ साल भाद्र महिना १६ गते स्थानीय विपद् व्यवस्थापन समिति, बिषयगत शाखा प्रमुख तथा सरोकारवालाहरुसंगको सहभागितामा ब्यापक छलफल गरिएको थियो । मस्यौदा प्रतिवेदन छलफलका क्रममा प्राप्त सुझावहरुलाई समायोजन गरि अन्तिम प्रतिवेदन तयार गरिएको थियो ।

**३.६. विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाको स्वीकृती :** सरोकारवालाहरुको सुझावबमोजिम मिति २०८१ साल मंसिर २८ गते स्थानीय विपद् व्यवस्थापन समितिको अध्यक्षतामा बसेको बैठकमा अन्तिम अन्तिम प्रतिवेदनमा छलफल भएअनुरुप विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनालाई गाउँकार्यपालिका बाट स्वीकृत गरी गाउँसभा समक्ष अनुमोदनका लागी प्रस्तुत गरियो ।

## अध्याय २
## विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कानूनी तथा नीतिगत व्यवस्था

### १ अन्तर्राष्ट्रिय सन्धी, सम्झौता र प्रतिवद्धताहरु

विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन सँग सम्बन्धित अन्तरराष्ट्रिय सन्धी, सम्झौता र प्रतिवद्धताहरुमा हाम्रो देश नेपाल पनि पक्ष राष्ट्रको रुपमा रहेको छ । दिगो विकास लक्ष्य (सन् २०१५ देखि २०३०), जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौता (२०१५), र विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्यढाँचा (२०१५-२०३०) लगायतका विभिन्न सम्झौताहरु कार्यान्वयन गर्ने गरी नेपालले पनि प्रतिवद्धता जनाएको छ ।

**१.१ दिगो विकास लक्ष्य** : सन् २०१५ सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघका १९३ सदस्य राष्ट्रहरूले सन् २०३० सम्मका लागि दिगो विकास लक्ष्यहरू पारित गरेका छन् । संयुक्त राष्ट्रसंघले दिगो विकास लक्ष्य २०३० अगाडि ल्याएको छ, जुन दिगो विकासका तीन आधारभुत आयामहरु आर्थिक विकास, सामाजिक समानता र वातावरणीय सन्तुलनमा आधारित छन् । पृथ्वी, मानव, समृद्धि, शान्ति र साझेदारीहरुलाई दिगो विकास प्राप्तीका लागि आधार स्तम्भ मानेको छ । दिगो विकास लक्ष्य २०१५-२०३० उत्थानशील विकासका लागि विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकुलनका विषयलाई समेत विकास लक्ष्यमा समावेश गरिएको दस्तावेज हो । दिगो विकासका १७ लक्ष्यहरुमध्ये १० वटा र १६९ वटा प्रमुख सूचक मध्ये २५ वटा सूचकहरु विपद् जोखिम न्यूनीकरण र उत्थानशीलतासँग सम्बन्धित छन् । दिगो विकास लक्ष्यले जोखिमका अन्तरनिहित कारणहरुलाई क्षेत्रगत र नियमित विकास प्रयास मार्फत सम्बोधन गरेर जोखिम सुसूचीत विकास र उत्थानशील भविष्यको सुनिश्चितता गर्दछ भने सेण्डाई कार्यढाँचाले अघि सारेका सातवटा लक्ष्यले विश्वव्यापी लक्ष्यमार्फत विपद्का कारण हुने मानवीय, आर्थिक र पूर्वाधारको क्षति तथा नोक्सानीलाई घटाउँदै विकासको दिगोपनालाई सुनिश्चित गर्न मद्धत गर्दछ ।

**१.२ सेण्डाई कार्यढाँचा :** जापानको सेण्डाईमा सन् २०१५ मार्चमा सम्पन्न भएको तेश्रो विपद् जोखिम न्यूनीकरण सम्बन्धी अर्न्तराष्ट्रिय सम्मेलनले विश्वमा विपद्का कारणबाट हुने मानवीय, भौतिक र आर्थिक क्षतिलाई उल्लेखनीयरुमा कमी ल्याउने उद्देश्यका साथ विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्यढाँचा (२०१५ - २०३०) पारित गर्यो । सेण्डाई कार्यढाँचाले विपद जोखिम न्यूनीकरणका लागि निर्धारण गरेका विश्वव्यापी सातवटा लक्ष्ययहरुमा विश्वव्यापी रुपमा विपदबाट हुने मृत्युदर उल्लेख्य रुपमा कम गर्ने, विपद्का कारण प्रभावित हुने जनसंख्या उल्लेख्य रुपमा कम गर्ने, विपद्को कारणबाट हुने आर्थिक क्षति उल्लेख्य रुपमा घटाउने, विपद्बाट हुने संवेदनशील पूर्वाधारको नोक्शानी घटाउने, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय तथा स्थानीय रणनीति भएका देशहरुको संख्या बढाउने र बहुप्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सम्बन्धी सूचनाको पहुँच र उपलब्धता बढाउने रहेका छन् । उपरोक्त लक्ष्य हासिल गर्नका लागि उक्त सम्मेलनले चारवटा प्राथमिकताहरु निर्धारण गरेको छ । विपद् सम्बन्धी बुझाई, विपद् जोखिम न्यूनीकरण लागि सबलीकृत विपद् जोखिम सुशासन, विपद् जोखिम न्यूनीकरणमा लगानी प्रवद्धन गर्ने, पुर्नस्थापना र पुननिर्माणका क्रियाकलापहरुमा अझ राम्रो अझ बलियो अवधारणा सहित विपद् पूर्वतयारी, सेण्डाई कार्यढाँचाले निर्धारण गरेका प्राथमिकताहरु हुन् ।

**१.३ पेरिस सम्झौता :** डिसेम्बर २०१५ मा फ्रान्सको पेरिसमा पक्ष राष्ट्रहरुको २१ औं सम्मेलनले दिगो विकास तथा गरिबी निवारण गर्ने प्रयासका सन्दर्भमा जलवायु परिवर्तनका जोखिमलाई घटाउन विश्वब्यापी उपायहरु प्रस्तुत गर्यो । जलवायु परिवर्तनको जोखिम तथा यसबाट उत्पन्न असरहरुलाई उल्लेख्यरुपले न्यूनीकरण गर्ने कुरालाई आत्मसाथ गर्दै विश्वव्यापी औषत तापक्रममा हुने वृद्धिलाई पूर्व औद्योगिक तहभन्दा माथि १.५ डिग्री सेल्सीयसमा सीमित राख्न प्रयास गर्ने, खाद्य उत्पादनमा कमी हुन नदिने गरी जलवायु परिवर्तनका प्रतिकुल प्रभावहरुलाई अनुकुल गर्ने क्षमता बिस्तार गर्ने र न्युन हरितगृह ग्याँस उत्सर्जन तथा जलवायु अनुकुलन विकासमुलक कार्यप्रणाली अनुरुप लगानी गर्ने उद्देश्य लिएको पेरिस सम्झौताले जलवायु परिवर्तनका कारण हुनसक्ने क्षति तथा नोक्शानीलाई सम्बोधन गर्दै यसको न्यूनीकरणका लागि पर्वसूचना प्रणाली, आपत्कालीन

प्रतिकार्य र जोखिम हिस्सेदारीमा सहकार्य गर्दै जलवायुजन्य जोखिम न्यूनीकरणका विषयवस्तुलाई प्राथकितामा राखेको छ । पेरिस सम्झौताले जलवायु परिवर्तनका न्यूनीकरण र अनुकुलीत हुने दुबै गतिविधिलाई (Co-benefit ) जोड दिएको छ ।

**२ संघीय कानूनी तथा नीतिगत व्यवस्था**

नेपालको संविधानको धारा ३० मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वथ्य वातावरणमा बाँच्न पाउने मौलिक हकको व्यवस्था रहनुको साथै धारा ३७ मा उपयुक्त आवासको हक समेत उल्लेख भएको छ। त्यसै गरी राज्यका नीतिहरु अन्तर्गत धारा ५१ (छ) मा प्राकृतिक साधन श्रोतको संरक्षण सम्वर्धन र उपयोग सम्बन्धी नितीहरुको व्यवस्था रहेको छ । जस अन्तर्गत जल उन्पन्न प्रकोप नियन्त्रण, वन, वन्यजन्तु, वनस्पती तथा जैविक विविधतताको संरक्षण, वातावरणीय प्रभाव न्युनिकरण एवं प्राकृतिक प्रकोपबाट हुने जोखिम न्युनिकरण गर्न पुर्व सुचना, तयारी, उद्धार, राहत एवं पुर्नस्थापना गर्ने नितिगत प्रावधानहरु रहेका छन् । यस संविधानले विपद् व्यवस्थापनलाई तिनै तहको एकल तथा साझा अधिकार सुचिमा राखेको छ। संविधानको अनुसुचि ७ संघ र प्रदेशको साझा अधिकारको सुची क,.स. (१७) मा प्राकृतिक वा गैर प्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुर्नलाभ, अनुसुची ८ मा स्थानियतहको एकल अधिकारको सूची क.स. (२०) मा विपद व्इवस्थापन र अनुसुची ९ मा संघ, प्रदेश र स्थानियतहको साझा अधिकार सुची क.स. (९) मा विपद व्यवस्थापन को रुपमा व्याख्या गरिएको छ । । यस बाहेक थप प्रावधानहरु यस प्रकार रहेका छन् :

**२.१ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४** : यस ऐनले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन संस्थागत तथा संरचनागत व्यवस्था गरेको छ । जसमा निम्न अनुसारको संरचनागत व्यवस्था रहेको छ :

| संघीय स्तर | प्रदेश स्तर | स्थानीय स्तर |
|---|---|---|
| • विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद<br>• कार्यकारी समिति<br>• राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | • प्रदेश विपद् व्यवस्थापन परिषद<br>• कार्यकारी समिति | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति |

**२.२ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५ :** विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५ ले नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागी आगामी दिनमा अवलम्बन गर्न पर्ने नीतिगत व्यवस्थालाई उल्लेख गरेको छ। यो राष्ट्रिय नीतिले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका विविध पक्षलाई मूलप्रवाहीकरण गर्दै विपद् व्यवस्थापनका आायामहरु, जोखिम न्युनीकरण, सशक्त र प्रभावकारी प्रतिकार्य तथा पुनर्लाभका साथसाथै विपद् पश्चात्को अझ राम्रो निर्माणका पक्षहरुलाई व्यवस्थित गर्न मार्गदर्शन गरेको छ ।

**२.३ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना** (२०१८-२०३०) : सेण्डाई कार्यढाँचालाई स्थानीयकरण गर्न तर्जुमा भएको यस कार्ययोजनाले ४ वटा प्राथमिकता क्षेत्र, १८ वटा मुख्य प्राथमिकता प्राप्त कार्यहरु र २७१ रणनीतिक क्रियाकलापहरु उल्लेख गरी विभिन्न गन्तव्य निर्धारण गरेको छ ।

**यस कार्ययोजनामा उल्लेखित ४ वटा प्राथमिकता क्षेत्रहरु निम्नानुसार छन :**

- **प्राथमिकता प्राप्त क्षेत्र १**ः विपद जोखिम बारे बुझाई
- **प्राथमिकता प्राप्त क्षेत्र २** : स्थानीय तहमा विपद् जोखिम शासकीय पद्धतिको सुदुढीकरण
- **प्राथमिकता प्राप्त क्षेत्र ३** : विपद् जोखिम न्यूनीकरणका लागि उत्थानशीलता वृद्धि गर्न वृहत्तर जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्द्धन

- **प्राथमिकता प्राप्त क्षेत्र ४** : प्रभावकारी प्रतिकार्य र पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माण अझ राम्रो र बलियो निर्माणका लागि विपद् पूर्वतयारीको सुदृढीकरण।

**२.४ स्थानीय सरकार संचालन ऐन २०७४ :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (न) मा विपद् व्यवस्थापन सम्वन्धी १२ वटा काम कर्तव्य र अधिकारहरु उल्लेख गरेको छ।

**२.५ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६ :** यस नियमावलीले विपद् जोखिम न्यूनीकरण तथा व्यवथापन ऐन २०७४ मा भएका प्रावधानलाई कार्यान्वयन गर्न थप व्यवस्थाहरु उल्लेख गरेको छ। यस नियमावलीले कार्यकारी समिति, प्राधिकरण, जिल्ला र स्थानीय समितिको थप काम, कर्तव्य अधिकार, विशेषज्ञ समिति सम्बन्धी व्यवस्था, जिल्ला विपद् व्यवस्थापन समितिको सचिवालय सम्बन्धी व्यवस्था, सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको थप दायित्व, जिल्ला विपद् व्यवस्थापन कोष लगायतको प्रावधानहरु समावेस गरेको छ।

**२.६ जलवायु परिवर्तन नीति २०७६ :** नेपाल सरकारले सन् २०११ मा निर्माण गरेको जलवायु परिवर्तन नीतिलाई समयसापेक्ष संशोधन गरी जलवायु परिवर्तन नीति २०७६ निर्माण गरेको छ। यसमा जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणको योजनावद्ध एवं एकिकृत प्रयासद्वारा राष्ट्रका सामाजिक, आर्थिक तथा पारस्थितीकीय प्रणालीहरुलाई जलवायु उत्थानशील बनाउने लक्ष्य लिएको छ।

**२.२.७ राष्ट्रिय विपद प्रतिकार्य कार्यढांचा, २०७०** : राष्ट्रिय विपद प्रतिकार्य कार्यढांचा, २०७० (संशोधित २०७५) ले विपदको जोखिमको अवस्थामा जोखिममा रहेका समुहको संरक्षण, गर्भवती तथा बच्चालाई दुध खुवाउने महिलाको हेरचाह, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, दिर्घरोगी, किशोरी, बालबालिकाको बिशेष संरक्षण तथा सेवा सुबिधा संचालन गर्नका साथै विपद प्रभावित स्थानको आश्रयस्थल तथा शिबिर संचालन भएका स्थानहरुमा राहत साम्रगी वितरण हुँदा तथा खोज तथा उद्धारका समयमा हुन सक्ने लैंङ्गिक हिंसाका गतिविधिका सम्बन्धमा विशेष निगरानी तथा संरक्षणको प्रबन्ध गर्नु पर्ने कुरालाई जोड दिएको छ।

**२.२.८ राष्ट्रिय स्वास्थ्य नीति, २०७१**

राष्ट्रिय स्वास्थ्य नीति, २०७१ ले जलवायु परिवर्तनबाट पर्ने स्वास्थ्य सम्वन्धी नकारात्मक असरको सम्बोधनका लागि समष्टिगत व्यवस्थापन गर्न राष्ट्रिय सञ्जाल तथा संयन्त्र एवं अवसरको समुचित प्रयोग गर्दै बहुपक्षीय कार्ययोजना बनाई सरोकारवाला सम्पूर्ण निकायसँग सहकार्य गर्ने एवं पशुपक्षी तथा कीटहरूबाट मानिसमा सर्ने रोगहरूको व्यवस्थापनका लागि सरोकारवाला निकायहरूसँग प्रभावकारी समन्वय र सहकार्यको समुचित व्यवस्था गर्ने नीति तय गरेको छ।

**२.२.९ जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२**

जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ ले बाढी, पहिरो जस्ता जलउत्पन्न प्रकोपहरूको संरचनागत तथा गैरसंरचनागत प्रविधिबाट रोकथाम गरी सोबाट हुन सक्ने जनधनको क्षति न्यूनीकरण गर्न र नदी, जलाधार क्षेत्र तथा जलजन्य पर्यावरणको संरक्षण गरी प्राकृतिक श्रोत साधन एवं खानेपानी, जल परिवहन, सिंचाई, स्थल यातायात आदि जस्ता पूर्वाधारका उपयोगितालाई दिगो बनाउन विभिन्न नीतिहरू प्रस्तुत गरेको छ।

**२.२.१० राष्ट्रिय शहरी विकास रणनीति, २०७३**

राष्ट्रिय शहरी विकास रणनीति, २०७३ ले सन्तुलित र समृद्ध शहरी भविष्यको लागि उत्थानशीलतालाई पाँच मार्गदर्शक सिद्धान्तहरू मध्ये एक मानेको छ। यस रणनीतिले विपद् जोखिम अनुकुलित शहर र समुदाय निर्माणका लागि उत्थानशीलतालाई शहरी प्रणाली र समुदायको योजना निर्माण तथा विकासमा एकीकृत गर्न जोड दिएको छ।

**२.२.११ राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२**

राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२ ले विपद् पश्चातको पुनर्लाभ, पुननिर्माण र पुनर्स्थापना कार्यको लागि नीतिगत मार्गदर्शन गर्दछ। २०७२ साल बैशाखको भूकम्पले क्षति पुर्याएका भौतिक संरचनाहरू र बस्तीहरू

पुनर्निर्माण गर्न, पुनर्निर्माण तथा पुनःस्थापना कार्यक्रमको कार्यान्वयन योजना निर्माण र समन्वय गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरण स्थापना भएको छ ।

**२.२.१२ सोहौ पञ्चबर्षिय योजना -आर्थिक वर्ष २०८१/८२-२०८५/८६)**

यस योजानाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई विशेष प्राथमिकतामा राखेको छ। यस योजनाले विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनलाई विभिन्न क्षेत्रहरूसँग अन्तरसम्बन्धित रूपमा सम्बोधन गर्न खोजेको छ। यस अन्तर्गत, जलवायु परिवर्तन अनुकूलन, सुरक्षीत, उत्थानशील शहर तथा पूर्वाधारको दीगो विकास, प्राकृतिक स्रोतको व्यवस्थापन, र स्थानीय तहको सशक्तीकरणलाई जोड दिएको छ। विपद् जोखिम न्यूनीकरणका लागि बहु-क्षेत्रीय समन्वय, नवीन समाधानहरू, र जनसहभागिताको आधारमा कार्य योजना तयार पार्दै, दीर्घकालीन स्थायित्व र समृद्धिमा टेवा पुर्याउने लक्ष्य राखेको छ।

**३. प्रदेश कानूनी, नीतिगत तथा संरचनागत व्यवस्था**

लुम्बिनी प्रदेशमा विपद व्यवस्थापन नितिगत व्यवस्था सम्बन्धमा, प्रदेश विपद व्यवस्थापन कार्य संचालन निर्देशिका २०७६, विपद् व्यवस्थापन कोष संचालन निर्देशिका, २०७५, प्रदेश वातावरण ऐन २०७७, कोभिड १९ कोरोना भाईरसका कारण मृत्यु भएका व्यक्तिहरुको शव व्यवस्थापन सम्बन्धी कार्यविधि २०७७, सवारी यातायात तथा परिवहन ऐन २०७६, प्रदेश सडक ऐन २०७७ लगायतको नीतिगत व्यवस्था गरिएको छ । त्यस्तै गरि प्रदेश विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना २०७९-२०८७ र प्रदेश विपद् व्यवस्थापन ऐन २०८१, स्विकृति भै कार्यान्वयनको अवस्थामा रहेको छ । प्रदेश स्तरमा विपद व्यवस्थापन संरचनागत व्यवस्था सम्बन्धमा प्रदेश विपद् व्यवस्थापन परिषद र प्रदेश विपद कार्यकारी समिति गठन भै विपद् व्यवस्थापनको क्षेत्रमा विभिन्न प्रयासहरु भइरहेको देखिन्छ ।

**४. जिल्लाको संरचनागत, कानूनी तथा नीतिगत व्यवस्था :** जिल्ला स्तरमा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्ला विपद व्यवस्थापन समिति गठन भै विपद जोखिम व्यवस्थापनका क्षेत्रमा विभिन्न प्रयासहरु भैरहेको पाईन्छ भने जिल्ला विपद व्यवस्थापन समितिको अगुवाईमा सरोकारवालाहरु समेतको सहभागीतामा जिल्ला विपद पुर्वतयारी तथा प्रतिकार्य योजना तयार भै बार्षिकरुपमा अद्यावधिक गरिने गरेको पाईन्छ ।

**५. गाउँपालिकाको कानूनी तथा नीतिगत व्यवस्था :** गाउँपालिका स्तरमा, गाउँपालिका विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७६, प्रकोप व्यवस्थापन कोष संचालन कार्यविधी २०७९, गेरुवा गाउँपालिका विपद पुर्वतयारी तथा प्रतिकार्य योजना २०७९, स्थानिय विपद तथा जलवायु उत्थानशिल योजना २०७९ देखि २०८४, तयार गेरुवा गाउँपालिकाको आपत्कालिन अग्रिम कार्ययोजना २०८०, वातावरण तथा प्राकृति श्रोत संरक्षण ऐन २०७६, राहत सम्बन्धि मापदण्ड २०७६, विपद जोखिम बीमा संचालन कार्यविधि २०८०, जस्ता कानुनी तथा नीतिगत व्यवस्था भएको पाईन्छ । साथै गाउँपालिका अध्यक्षको अध्यक्षतामा स्थानिय विपद व्यवस्थापन समिति, वडा अध्यक्षको नेतृत्वमा वडा विपद व्यवस्थापन समिति र जोखिमयुक्त बस्तिहरुमा सामुदायिक विपद ब्यवस्थापन समति गठन भै विपद जोखिम व्यवस्थापनमा क्रियाशिल रहेको पाईन्छ ।

## अध्याय ३
## विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि रणनीतिक कार्ययोजना

### १ मार्गदर्शक सिद्धान्त

यस रणनीतिक कार्ययोजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याँकन गर्दा देहाय बमोजिमका मार्गदर्शक सिद्धान्तहरू अवलम्बन गरिनेछ ।

१.१ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी यस गाउँपालिकाको हुनेछ ।

१.२ यस कार्यायोजनाको कार्यान्वयनका क्रममा व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन सांस्कृतिक तथा वातावरणीय सम्पदाको संरक्षणलाई मध्यनजर गरिनेछ ।

१.३ सुरक्षित गाउँपालिका निर्माणको दीर्धकालीन लक्ष्य सहित विपद् व्यवस्थापन कार्य लाई समग्र विकासको अभिन्न अंगका रुपमा मूलप्रवाहीकरण गर्ने

१.४ लिङ्ग, उमेर, अपाङ्गता तथा जातजाति र भौगोलिक विविधताको प्राथमिकतालाई नीति निर्माण तथा कार्यान्वयनमा पर्याप्त ध्यान दिइनेछ ।

१.५ दिगो विकास लक्ष्य, खाद्य सुरक्षा, स्वास्थ्य सुरक्षा, जलवायु परिवर्तन अनुकूलन, पुर्वाधार विकास, प्राकृतिक स्रोत व्यवस्थापन, मानवीय विकास, आर्थिक गतिविधि, वातावरण व्यवस्थापन र विपद् जोखिम न्यूनीकरण बीच सामञ्जस्यता कायमगरिनेछ ।

१.६ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन सम्बद्ध नीति, योजना र कार्यक्रमहरु तर्जुमा गर्दा वैज्ञानिक एवं प्राविधिक तथ्य र तथ्यांकहरु तथा परम्परागत ज्ञान र सिपको यथोचित प्रयोग गरिने छ ।

१.७ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि गाउँपालिका स्तरीय जनशक्ति तयारीको अभियान संचालन गरिनेछ । उक्त जनशक्तिको क्षमता बिकासलाइ प्राथमिकता दिइने छ ।

१.८ विपद् पश्चात पुनर्लाभ, पुनः स्थापना र पुनर्निर्माण सम्बन्धमा भविष्यमा विपद् जोखिमको अवस्था सिर्जना हुन नदिन र विपद् जोखिम न्यूनीकरण गर्न “अझ राम्रो, बलियोर सुरक्षित बनाऔं” भन्ने अवधारणा अवलम्वन गरिनेछ ।

### २ दीर्घकालीन सोंच, अपेक्षित उपलब्धी, उद्देश्य, लक्ष्य र प्राथमिकता

**दीर्घकालीन सोंच ( Long-term Vision):**

गेरुवा गाउँपालिकालाई विपद् उत्थानशील स्थानीय तहको रूपमा स्थापित गर्दै दिगो विकासको लक्ष्य हासिल गर्नमा योगदान पुऱ्याउने ।

**अपेक्षित उपलब्धि (Expected outcomes):**

विपद्बाट हुने मृत्युदर तथा प्रभावित व्यक्तिहरूको संख्यामा उल्लेखनिय रूपले कमी ल्याउनु, जीविकोपार्जन, स्वास्थ्य, सम्पत्ति, व्यवसाय र समुदायमा हुने जोखिम तथा क्षतिको न्यूनीकरण गर्नु यस रणनीतिक कार्ययोजनाको अपेक्षित परिणाम रहने छ । साथै हरेक विकासका योजनाहरुमा विपद् जोखिम न्यूनीकरण भई दिगो विकास टेवा पुगेको हुनेछ । विपद् प्रतिकार्यका लागि जनशक्ति तयार भई मानवीय मृत्यु तथा प्रभावित व्यक्तिको संख्यामा कमी आएको हुनेछ ।

**उद्देश्यहरु (Objectives)** :

१. विपद् जोखिमको बुझाई अभिबृद्धि गर्ने तथा सबै तह र वर्गमा विपद् जोखिम सम्बन्धी जानकारीको पहुँच सुनिश्चित गर्ने ।

२. विपद् जोखिम समावेशी शासनको सुदृढीकरण गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संलग्न सरकारी, निजी, गैरसरकारी एवं सामुदायिक संघ, संस्थाको भूमिका स्पष्ट पारी समन्वयात्मक ढंगले कार्य गर्ने ।

३. दिगो विकास लक्ष्य, खाद्य सुरक्षा, स्वास्थ्य सुरक्षा, जलवायु परिवर्तन अनुकुलन, वातावरण व्यवस्थापन र विपद् जोखिम न्यूनीकरण बीच सामञ्जस्यता कायम गर्दै विपद् जोखिम न्यूनीकरणलाई समग्र विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।

४. विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक तथा निजी लगानी बृद्धि गरी उत्थानशीलता अभिबृद्धि गर्ने ।

५. जोखिम हिस्सेदारिका माध्यम बाट बिपद जोखिमलाई तेस्रो पक्षमा हस्तान्तरण गर्न बिमा कार्यक्रमको प्रबदन गर्ने।

६. विपद् पश्चातको पुनर्लाभ, पुनः स्थापना र पुनर्निर्माणमा "अझ राम्रो र बलियो बनाऔं" भन्ने अवधारणालाई आत्मसात गर्ने ।

**लक्ष्य (Targets)** :यस कार्ययोजनाले विपद् क्षतिलाई न्यून गर्न निम्न लक्ष्यहरू निर्धारण गरिएकोछ ।

| सि.नं. | लक्ष्य तथा सूचकहरु: | आधार बर्ष २०८१ | अल्पकालीन २०८३ | मध्यकालीन २०८५ | दीर्घकालीन २०८७ |
|---|---|---|---|---|---|
| **१** | **गाउँपालिका स्तरमा विपद्बाट हुने मृत्यु दर कम गर्ने** | | | | |
| १.१ | विपद्बाट मृत्यु हुनेको वार्षिक औसत संख्या (सडक दुर्घटना बाहेक) | २ | १ | १ | ० |
| १.२ | सडक दुर्घटनाबाट मृत्यु हुनेको वार्षिक औसत संख्या | १ | ० | ० | ० |
| **२** | **गाउँपालिका स्तरमा विपद्बाट प्रभावित व्यक्तिहरूको संख्या उल्लेख्य मात्रामा कम गर्ने** | | | | |
| २.१ | प्रत्यक्ष प्रभावित परिवारहरूको औसत संख्या | १५०० | १२०० | ८०० | ५०० |
| २.२ | विपद्बाट बेपता हुने व्यक्तिहरूको औसत संख्या | १ | ० | ० | ० |
| २.३ | विपद्बाट घाईते हुने व्यक्तिहरूको औसत संख्या | ८ | ६ | ४ | २ |
| २.४ | सडक दुर्घटनाबाट घाईते हुने औसत संख्या | १५ | १० | ५ | ३ |
| २.५ | विपद्बाट पुर्ण क्षति हुने घरहरूको औसत संख्या | ११० | १०० | ६० | ३० |
| २.६ | विपद्बाट आंशिक क्षति हुने घरहरूको औसत संख्या | २७० | २०० | ११० | ८० |
| **३** | **विपद्को कारणले हुने आर्थिक क्षतिलाई उल्लेख्य मात्रामा कम गर्ने** | | | | |
| ३.१ | विपद्बाट नोक्शान हुने औसत आर्थिक क्षति ( ने.रु) कम गर्ने | १0000000 | ५% | १५% | ३0% |
| ३.२ | पशुचौपायको औसत वार्षिक क्षतिमा कमी प्रतिशत) | ८८ | ५% | १५% | २५% |
| ३.३ | बालिनालीमा औषत भएको क्षतिमा कमी ( प्रतिशत) | ८८ | ५% | १0% | २0% |
| ३.४ | भैातिक पूर्वाधारको औषत क्षतिमा कमी (प्रतिशत) | ८८ | ५% | २0% | ४0% |
| **४** | **गाउँपालिकाका महत्वपूर्ण पूर्वाधार र आधारभूत सेवाहरूमा विपद्ले पुऱ्याउने क्षति र अवरोध उल्लेख्यरूपले कम गर्ने र उत्थानशीलता विकास गर्ने** | | | | |
| ४.१ | नया बनाउनु पर्ने स्वास्थ्य चौकी संख्या | | १ | २ | |
| ४.२ | स्वास्थ्य भवनहरूको मर्मत सम्खार तथा प्रवलीकरण गर्ने संख्या | | २ | ५ | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४.३ | कक्षा कोठाहरूको मर्मत संभार र गन ेविद्यालयसंख्या | | २० | ३० | ४५ |
| ४.४ | विद्यालय भवनहरूको प्रवलीकरण गर्ने संख्या (२१ आबस्यक) | | ५ | १० | १५ |
| ४.५ | विपद् जोखिम न्यूनीकरणका लागि नमूना विद्यालयहरूको विकास गर्ने | ८८ | २ | ४ | ६ |
| ४.६ | सार्वजनिक भवनहरूको प्रवलीकरण गर्ने प्रतिसत | ८८ | ५ | १० | १५ |
| ४.७ | गेरुवा गाउपालिका भित्र बाढी तथा अन्य बिपद्का बेला बस्न मिल्ने सुरक्षित आश्रय स्थल बनाउन पर्ने संख्या | ९ | १२ | १४ | १५ |
| ४.८ | बाढी प्रभावित स्थानमा हाल संचालनमा रहेका उच्च धारा मर्मत तथा थपनया बनाउनुपर्ने संख्या | ३४ | ४० | ४५ | ५० |
| ४.९ | उच्च धारा Raised Hand Pump हरु मर्मत गर्नुपर्ने संख्या | १२ | १० | १५ | २० |
| ४.१० | चट्याङ्ग प्रतिरोधी संरचना जडान भएका सार्बजनिक भवन संख्या | १ | ७ | १५ | ३० |
| ४.११ | अग्नि नियन्त्रण सामाग्री जडान भएका सार्बजनिक भवन संख्या | ८ | १२ | २० | ३० |
| ४.१२ | वायोइन्जिनियरीङ्ग प्रविधिद्धारा नदी किनारको संरक्षण (मिटर) | २०० | ५०० | १००० | २००० |
| ४.१३ | सिमसार क्षेत्र, पोखरी तथा जरुवा हरुको संरक्षण | १ | ३ | ५ | १० |
| ४.१४ | एकीकृत खानेपानी संरचना जडान भएका पूर्वाधार संख्या | १ | २ | ३ | ४ |
| ४.१५ | खानेपानीका संरचनाहरूको मर्मत सम्भार गर्ने | १ | १ | २ | ३ |
| ४.१६ | जलवायु अनूकुलन स्मार्ट गाउँ विकास गर्ने ( संख्या) | ० | १ | २ | ३ |
| ४.१७ | गेरुवा गाउपालिका भित्र हेलिकप्टर बस्न सक्ने स्थान | ३ | ६ | ८ | १० |
| **५** | **गाउँपालिका तथा वडाहरूमा विपद् जोखिम न्यूनीकरण ऐन, योजना, तथा मापदण्डहरु तयार गर्ने** | | | | |
| ५.१ | जोखिम संवेदनशील भु-उपयोग योजना तयार गर्ने | | | १ | |
| ५.२ | सरोकारवालाहरू बीच अन्तर तथा परस्परसमन्वय र साझेदारी अभिबृद्धि गर्न संयन्त्र विकास गर्ने र समयानुकुल अधावधिक गर्ने | | १ | | १ |
| ५.३ | समुदाय स्तरिय विपद् व्यवस्थापन समिति गठन तथा संचालन कार्यविधि तयार गर्ने र समयानुकुल अधावधिक गर्ने | | १ | | १ |
| ५.४ | स्वयमसेवक परिचालन निर्देशिका तयार गर्ने र समयानुकुल अधावधिक गर्ने | | १ | | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५.५ | विपदमा लैंगिक हिंसा रोकथाम र व्यवस्थापनका लागि पालिका स्तरिय कार्यबिधि तयार गर्ने र समयानुकुल अधावधिक गर्ने | | १ | | १ |
| ५.६ | समुदाय स्तरिय विपद व्यबस्थापन समितिहरु तथा कार्यदलहरुको संख्या | १८ | २० | २५ | ३० |
| **६** | **विपद् र जलवायू परिर्वतनजन्य जोखिमको न्यूनीकरण, व्यवस्थापन र अनुकुलनका गतिविधिहरु अन्य बिषयगत क्षेत्रहरुका योजना र कार्ययोजनामा एकिकृत गर्दै लैजाने** | | | | |
| ६.१ | जोखिममा रहेका महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, थारु, सीमान्तकृत वर्ग, अपाङ्गताका लागि विशेष कार्यक्रम बनाई कार्यान्वयन गर्ने | | | १ | |
| ६.२ | विपद् व्यवस्थापन तथा जलवायू परिर्वतन अनुकुलन सम्बन्धि बिषयबस्तु स्थानिय पाठ्यक्रममा समयानुकुल अधावधिक गर्ने | १ | १ | | १ |
| ६.३ | जोखिम हिस्सेदारिका माध्यमबाट जोखिमलाई तेस्रो पक्षमा हस्तान्तरण गर्ने अभिप्रायले बिमा कार्यक्रम आवद्ध घरधुरी संख्या प्रतिशत | < १० % | १२% | २०% | ३०% |
| ६.४ | विपद् जोखिमको न्यूनीकरणमा लगानी बढाउन कम्तिमा १५ प्रतिशत प्रत्यक्ष बजेट छुटयाउने | **करिब** ५ % | १० % | १२% | १५% |
| **७** | **बहुप्रकोप पूर्वसूचना प्रणाली र जोखिम सूचना तथा आंकलनको उपलब्धता र पहुँचमा उल्लेख्य बृद्धि गर्ने** | | | | |
| ७.१ | बहुप्रकोप जोखिम बिष्लेषण र पूर्वसूचनाप्रणाली स्थापना र संचालन | | २ | ३ | ५ |
| ७.२ | बहुप्रकोप अनुगमन तथा पूर्वसूचना प्रणाली स्थापना र सञ्चालन भएको क्षेत्रफलको प्रतिशत | | २० | ४० | ८० |
| ७.३ | पूर्वसूचना प्राप्त भएपछि विपद् प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिने जनसंख्याको प्रतिशत | ८८ | ३० | ५० | १०० |
| ७.४ | विपद् तथा जलवायु परिवर्तन अनुकूलनमा तालिमप्राप्त व्यक्तिहरूको सङ्ख्या | ४० | ७० | १०० | १३० |
| ७.५ | स्थानीय आपत्कालीन कार्य संचालन केन्द्र लाई स्रोत साधन सम्पन्न बनाउने | ५० प्रतिशत | ७५ प्रतिशत | ८० प्रतिशत | १०० प्रतिशत |

***नोटः बिगत वर्षको एकिन तथ्याङ्क नभएको हुँदा, आ. ब. २०८१/८२ को बिपद् पोर्टल र अन्य सुचकहरुको तथ्याङ्कलाई आधार मानी थप लक्ष्य निर्धारण गरिएको ।***

# अध्याय ४

# प्राथमिकता प्राप्त क्षेत्र १: विपद जोखिम बारे बुझाई

## अध्याय ५ प्राथमिकता प्राप्त क्षेत्र १: विपद जोखिम बारे बुझाई

प्रकोपको प्रकृति अनुरूप हरेक प्रकोपको सम्मुखता, संकटाउन्मुखता र जोखिमको आँकलन तथा नक्शाङ्कन गरी सार्वजनिक रूपमा उपलब्ध गराउनु आवश्यक पदर्छ । जोखिम संवेदनशील भू–उपयोग योजना (Risk Sensitive Land Use Planning) तयार गरी भू–उपयोग क्षेत्र विभाजन गर्नु समेत आवश्यक हुन्छ । प्रकोप बमोजिम जोखिमको आँकलनका लागि देहायका रणनीतिक क्रियाकलापहरू निर्धारण गरिएका छन् ।

**प्राथमिकता प्राप्त कार्य १ :** बहूप्रकोप जोखिम आँकलन, नक्सांकन र विश्लेषण

**प्राथमिकता प्राप्त कार्य २ :** विपद व्यवस्थापन सूचना प्रणालीको बिकास र सम्प्रेषण

**प्राथमिकता प्राप्त कार्य ३ :** विपद जोखिम न्युनीकरणका लागी ज्ञान व्यवस्थापन र क्षमता अभिवृद्धि ।

### ५.१ बहु प्रकोप जोखिम आँकलन,नक्सांकन र विश्लेषण

मानिस तथा सम्पत्ति, बन्यजन्तु, जैविक विविधता, जीवजन्तु तथा पशुपंक्षीको सम्मुखता को अवस्था, विभिन्न प्रकोपहरुमा उनीहरुको अनुकुलन क्षमता र उत्थानशीलता का साथै संकटासन्नता जस्ता विविध पक्षमा ज्ञान र विश्लेषण गर्नका लागि प्रमुख प्रकोपहरुको नियमित जोखिम आँकलन र प्रभाव मूल्याङ्कन हुन आवश्यक छ । यसका लागि तपसिल बमोजिमका रणनैतिक क्रियाकलापहरु निर्धारण गरिएका छन् ।

| क्र.स. | रणनितिक क्रियाकलाप | अपेक्षित परिणाम | जिम्मेवार निकाय | सहयोगी | समयावधी |
|---|---|---|---|---|---|
| १. | **आधारभुत नक्सा तयारी** : गाउँपालिकाको भौगोलिक स्वरुप, राष्ट्रिय निकुञ्ज जोडिएको क्षेत्र, जलाधार, भुउपयोगको अवस्था, बर्षा लगायतका बिषय समेटेर एकिकृत नक्सा तयार गर्ने । | गाउँपालिकाकोप्रकोपको जोखिम नक्सा तयार भएका हुनेछन । | गा.पा./स्थानिय विपद व्यवस्थापन समिति, | बिकास साझेदारहरु | अल्पकालिन |
| २ | **भुकम्पीय जोखिमको अनुसन्धान र नक्सांकन** : गाउँपालिका भित्रका सम्भावित भुकम्पको उच्च जोखिममा रहेका क्षेत्रहरु नक्सांकन गर्ने । | भुकम्पको सम्भावित जोखिम क्षेत्रको पहिचान भएको हुनेछ । | गा.पा./ स्थानिय विपद व्यवस्थापन समिति, | बिकास साझेदारहरु | अल्पकालिन |
| ३ | **बाढीको जोखिम पहिचान र नक्सांकन** : विशेष गरि गेरुवा , र कर्णाली.नदीका साथै बुढी खोला लगायत अन्य साना | गाउँपालिका भित्र बग्ने नदी तथा खोलाहरुका बाढी | गा.पा./ स्थानिय विपद व्यवस्थापन समिति, | | अल्पकालिन |

| | | | | | |
|---|---|---|---|---|---|
| | नालाहरुमा बाढीको जोखिमको नक्सांकन गर्ने । जोखिमयुक्त बिकास साझेदारहरु बस्तिहरु पहिचान गर्ने । | जोखिम क्षेत्रहरुको पहिचान तथा नक्सांकन भएको हुनेछ | | | |
| ४ | गाउँपालिका भित्र रहेका महत्वपूर्ण पूर्वाधारहरू (आवास, खुल्लास्थान,सिंचाई,उद्योग,कृषि,सडक,वन,सिमसार, जीविकोपार्जन, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, खानेपानीका संरचना, औद्योगिक संरचनाहरुको जोखिम स्तर आँकलन) नक्शाङ्कन अध्यावधिक गर्ने र सार्जजनिक रुपमा उपलब्ध गराउने । | अत्यावश्यक पूर्वाधारहरुका साथै औद्योगिक संरचनाहरुको औद्योगिक जोखिम स्तर सम्वन्धि जानकारी खुल्ला श्रोतको रुपमा उपलब्ध भएको हुनेछ | गा.पा./ स्थानिय विपद व्यवस्थापन समिति, | बिकास साझेदारहरु, रेडक्रस, प्राक्टिकल एक्सन | अल्पकालिन |
| ५ | **आगलागी तथा डढेलो जोखिम पहिचान** गेरुवा गा.पा. भित्र आगलागी तथा डढेलोको कारण तथा अवस्थाको अध्ययन गरि जोखिमयुक्त क्षेत्रको नक्सांकन गर्ने | आगलागी सम्भावित जोखिम पहिचान भएको हुनेछ । | गा.पा./ स्थानिय विपद व्यवस्थापन समिति, | बिकास साझेदार, मध्यवर्ति वन | अल्पकालिन |
| ६ | **सडक दुर्घटना क्षेत्रको पहिचान र नक्सांकन** : यस गाउँ पालिका भित्रमा हुन सक्ने सडक दुर्घटना क्षेत्रको पहिचान गर्ने । | सडकको अवस्था तथा जोखिमयुक्त क्षेत्रको पहिचान भएको हुनेछ । | गा.पा./ स्थानिय विपद व्यवस्थापन समिति, | बिकास साझेदारहरु | मध्यकालिन |
| ७ | **महामारीको जोखिम लेखाजोखा** : गाउँपालिका भित्र हुन सक्ने महामारी जन्य जोखिम क्षेत्र आँकलन तथा सम्भावित जोखिम पहिचान गर्ने | गा.पा.भित्र महामारीजन्य बस्ति तथा वडाहरु पहिचान भएका हुनेछन । | गा.पा./स्वास्थ्य शाखा, | बिकास साझेदारहरु | मध्यकालिन |
| ८ | **अन्य प्रकोपको लेखाजोखा र नक्सांकन** : गा.पा. भित्र हुने अन्य प्रकोपहरु चट्यांग, मानव बन्यजन्तु द्वन्द, शितलहर कृषीबालीमा लाग्ने रोग जस्ता प्रकोप हुनसक्ने सम्भावित क्षेत्र र कारण पहिचान गरि जोखिम नक्सांकन अभिलेखिकरण गर्ने | प्राकृतिक र मानवीय कारणबाट उत्पन्न हुने विपदजन्य जोखिम क्षेत्र र कारण पहिचान भएको हुने छ । | गा.पा./स्थानिय विपद व्यवस्थापन समिति, | बिकास साझेदारहरु | मध्यकालिन |
| ९ | **संकटासन्नता र जोखिम लेखाजोखा** : समुदायमा आधारित तथा प्राविधिक जोखिम नक्सांकन विधी द्वारा गा.पा.को जोखिम लेखाजोखा गरि जोखिमको तह स्तरिकण गर्ने । | गा.पा. भित्रका ६ वटा वडा तथा समुदायको विपद तथा जलवायुजन्य जोखिम लेखाजोखा भएको हुनेछ । | गेरुवा गा.पा./, | बिकास साझेदारहरु | अल्पकालिन, निरन्तर अद्यावधिक गर्ने |
| १० | **विषयगत क्षेत्रको जोखिम पहिचान** : स्थानिय स्तरमा रहेका विषयगत क्षेत्रहरु भौतिक पुर्वाधार, कृषि, पशुपालन, शिक्षा, स्वास्थ्य, पयटन, उद्योग, संचार, सामाजिक बिकास लगायत | बिकासका बिषयगत क्षेत्रहरुमा पर्न सक्ने विपद र त्यसको प्रभाव बारेमा सबै | गेरुवा गा.पा./ स्थानिय विपद व्यवस्थापन समिति, | बिकास साझेदारहरु | मध्यकालिन |

| | | | | | |
|---|---|---|---|---|---|
| | विभिन्न क्षेत्रमा रहेको सम्भावित जोखिम र जोखिम न्युनिकरणका उपायहरु पहिचान गर्ने । | वडा तथा बिषयगत क्षेत्रले जानकारी पाएको हुनेछन । | | | |
| ११ | **अपांगतामैत्री जोखिम नक्सांकन** : माथी उल्लेखित जोखिम नक्सांकन गर्ने क्रममा लिङ्ग, उमेर र अपांगताका आधारमा जोखिमयुक्त पुर्वाधार तथा आश्रयस्थल पहिचान गरि सार्वजनिक गर्ने । | सबै उमेर, लिङ्ग, र अपांगता भएका समुहले विपदको जोखिम र यस बाट बच्ने उपायका बारेमा जानकारी प्राप्त गरेका हुनेछन । | गेरुवा गा.पा./ स्थानिय विपद व्यवस्थापन समिति, | बिकास साझेदारहरु | मध्यकालिन |
| १२ | **बहुप्रकोप जोखिम न्यूनीकरण :** जोखम सम्वेदनशील भूउपयोग योजना (risk sensitive landuse plan ) तयार तथा कार्यान्वयन गर्ने | गाउँपालिकाको जोखिम संम्बदनशिल भुउपयोग योजना तयार भै कार्यान्वय भएको हुनेछ । | गेरुवा गा.पा./ स्थानिय विपद व्यवस्थापन समिति, | बिकास साझेदारहरु | मर्ध्यकालिन |
| १३ | बहुप्रकोप जोखिम विश्लेषणका लागी कार्यविधि निर्माण | जोखिम विश्लेषण विधि तयार भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदारहरु | अल्पकालिन |

## ५.२ गेरुवा गाउँपालिकाको बहुप्रकोप जोखिम आँकलनको लागि अन्तर निकाय समन्वय

नेपालमा बहु-मापदण्डमा आधारित बहुप्रकोप जोखिमको आँकलन तथा नक्शाङ्कनहरू पर्याप्त छैनन् । यस सन्दर्भमा बहुप्रकोप जोखिमको आँकलन तथा नक्शाङ्कनको लागि अन्तर निकाय समन्वय संयन्त्र स्थापना गर्नु पर्ने आवश्यकता छ। यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

| क्र.स. | रणनीतिक क्रियाकलापहरु | अपेक्षित परिणाम | जिम्मेवार निकाय | समय सीमा |
|---|---|---|---|---|
| | प्रकोप, सम्मुखता, सङ्कटाउन्मुखता र जोखिम तथ्याङ्क संकलन गर्दा स्थानीय तहमा अन्तर निकाय सुचना आदान प्रदानमा एकरूपता कायम गर्ने र गराउने | प्रकोप, सम्मुखता, संकटाउन्मुखता र जोखिम तथ्याङ्क संकलनमा एकरूपता कायम भएको हुनेछ | गेरुवा गा.पा. विपद् व्यवस्थापन समिति, बिकास साझेदारहरु | निरन्तर |

## ५.३. विपद व्यवस्थापन सूचना प्रणालीको बिकास र सम्प्रेषण :

एकीकृत सूचना प्रसारण गर्ने पद्धतिको विकास र आधुनिक सञ्चार प्रविधिहरूको समुचित प्रयोग गर्ने क्षमताको पूर्ण विकासका लागि प्रभावकारी काम गर्नु पर्ने आवश्यकता छ। यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

| क्र.स. | रणनीतिक क्रियाकलापहरु | अपेक्षित परिणाम | जिम्मेवार निकाय | सहयोगी | अवधी |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | सम्भावित विपदको जोखिम प्रचार प्रसार गर्न विभिन्न मिडिया (सामाजिक, छापा,विद्युतिय, श्रव्य दृष्य) को प्रभावकारी प्रयोग गर्ने । | विपद जोखिमका बारेमा व्यापक प्रचार प्रसार तथा जानकारी भएको हुनेछ । | गेरुवा गा.पा. , | बिकास साझेदारहरु | निरन्तर |
| २ | विपद् जोखिम सूचना साझेदारिताका लागि सरकारी, गैरसरकारीसंस्थाहरू, समुदायमा आधारित संगठनहरू, राजनीतिक दल तथा भातृ संगठनहरु, रेडक्रस र मिडिया बीच गाउँपालिका देखि स्थानीय वडास्तरसम्म सहकार्य गर्ने । | विपद् जोखिम सूचना साझेदारितामा व्यापक रूपले सहकार्य भएको हुनेछ | गेरुवा गा.पा. विपद् व्यवस्थापन समिति, | बिकास साझेदारहरु | अल्पकालिन अनि निरन्तर |
| ३ | विपद् जोखिम सूचना साझेदारी गर्न (मोबाईल एप्स, वेबसाईट, एसएमएस, रेडियो र टेलिभिजन जस्ताप्रविधिको प्रयोग सहित) संचार कार्यविधि तयार पार्ने | विपद् जोखिम सूचनाको प्रभावकारी संचार र प्रसार भएको हुनेछ । | गेरुवा गा.पा. विपद् व्यवस्थापन समिति | बिकास साझेदारहरु | मध्यकालिन |
| ४ | महिला, वृद्धवृद्धा, बालबालिका, अपाङ्ग, विद्यार्थी र अन्य संकटाउन्मुख समूहसँग जोखिम सूचना साझेदारी गर्न संचार तथा प्रसार रणनीति र कार्यविधि तयार गर्ने | संकटाउन्मुख समूहसँग जोखिम सूचना साझेदारी भएको हुनेछ | गेरुवा गा.पा./ विपद् व्यवस्थापन समिति | बिकास साझेदारहरु, | दिर्घकालिन |
| ५ | गाउँपालिकामा भौगोलिक सूचना प्रणालीमा आधारित विपद् जोखिम सूचना व्यवस्थापन प्रणालीको स्थापना गर्ने | विपद् जोखिम सूचना व्यवस्थापन प्रणाली उपलब्ध भएको हुनेछ | गा.पा, | बिकास साझेदारहरु | दिर्घकालिन |
| ६ | स्थानिय आपत्कालिन कार्यसंचालन केन्द्रको सबलीकरण (२४ सै घण्टा संचालन) | प्रभावकारी विपद वस्थापन कार्य हुनेछ | गा.पा./ विपद् समिति, | बिकास साझेदारहरु | मध्यकालिन |
| ७ | बहुप्रकोप पुर्वसुचना प्रणालीको स्थानीयकरण र सबलीकरण(समुदाय, वडा,पालिकास्तरमा ) | बहुप्रकोप पुर्वसुचनाको प्रभावकारी व्यवस्थापन हुनेछ | विपद् व्यवस्थापन समिति, | बिकास साझेदारहरु | दिर्घकालिन |

*५.४. विपद जोखिम न्युनिकरणका लागी ज्ञान व्यवस्थापन र क्षमता अभिवृद्धि :* विपद जोखिमबारे सबै समुदाय, सबै वर्गमा यर्थाथ शिक्षा प्रदान गरी विपद जोखिम न्युनिकरणमा सबैलाई क्रियाशिल बनाउन र दक्ष जनशक्तिको उत्पादनका लागी निम्नअनुसार कार्य गरिने छ ।

| **क्र.स.** | **रणनीतिक क्रियाकलापहरु** | **अपेक्षित परिणाम** | **जिम्मेवार निकाय** | सहयोगी | **समय सीमा** |
|---|---|---|---|---|---|
| १ | **विपद जोखिम न्युनिकरणमा दक्ष जनशक्ति उत्पादन :** विपद जोखिम न्युनिकरण तथा व्यवस्थापनका कार्यलाई बिकासका बिषयगत क्षेत्रमा मुलप्रवाहिकरण संग सम्बन्धित बिषयमा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने छ। | बिकासका विषयगत क्षेत्रहरुमा विपद जोखिम न्युनिकरण गर्न जानकार जनशक्ति तयार हुनका साथै मुलप्रवाहिकरण भएको हुनेछ | गेरुवा गा.पा. विपद् व्यवस्थापन समिति | बिकास साझेदारहरु | अल्पकालिन |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | **अध्ययन अनुसन्धान** : राष्ट्रिय तथा अन्तराष्ट्रिय विश्वविद्यालय, बिभिन्न अनुसन्धान केन्द्रहरु, सरकारी तथा गैरसरकारी निकायसँगको सहकार्यमा विपद जोखिमका सम्बन्धमा गाउँपालिकाको अवस्था बारे अध्ययन, अनुसन्धान गरी जोखिमको समग्र अवस्थाको ज्ञान व्यवस्थापन गर्ने । | गा.पा.का सबै क्षेत्रमा जोखिम न्युनिकरणका आधार तय भएका हुनेछन । | गेरुवा गा.पा. विपद् व्यवस्थापन समिति | बिकास साझेदारहरु | मध्यकालिन |
| ३ | **शैक्षिकपाठ्क्रममा विपद जोखिम न्युनिकरणका विषय समावेश गने :** विद्यालयका पाठ्यक्रममा विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन सम्वन्धि विषयबस्तु अद्यावधिक गर्ने | विद्यालयका पाठयक्रममा विपद जोखिम न्युनिकरण र जलवायु परिवर्तन अनुकुलन समावेश भइ नियमित रुपमा अद्यावधिक भएको हुनेछ । | गेरुवा गा.पा. शिक्षा शाखा | बिकास साझेदारहरु | निरन्तर |
| ४ | **समुदायमा आधारित समुहहरुको क्षमता बिकास :** समुदायमा आधारित विपद व्यवस्थापन समिति र युवा क्लबहरुमा विपद व्यवस्थापन तालिम दिने | गा.पा. भित्र सक्रिय रहेका युवा क्लब, सामुदायिक विपद व्यवस्थापन समिति, हरुको विपद जोखिम न्युनिकरण क्षमता अभिवृद्धि भएको हुनेछ | गेरुवा गा.पा. विपद् व्यवस्थापन समिति | बिकास साझेदारहरु, | मध्यकालिन |
| ५ | **सामाजिक समावेशी र अपांगतामैत्री जनशक्ति बिकास :** विपदको उच्च जोखिममा रहेका बालबालिका, महिला, बृद्ध,बृद्धा, अपांगता भएका व्यकिते जनचेतना तथा क्षमता अभिवृद्धि गर्ने । | उच्च जोखिममा रहेका वर्गमा विपद जोखिम व्यवस्थापन र जीवन सुरक्षा सम्बन्धी ज्ञान अभिवृद्धि भएको हुनेछ । | गेरुवा गा.पा. विपद् व्यवस्थापन समिति | बिकास साझेदारहरु | दिर्घकालिन |
| ६ | **निजी क्षेत्रको क्षमता अभिवृद्धि :** निजी क्षेत्रका व्यवसायिक तथा औद्योगिक प्रतिष्ठान संग आवद्ध व्यवसायीलाई विपद जोखिम न्युनिकरण सम्बन्धी अभिमुखिकरण गरी उनिहरुको जवाफदेहिता एवं सहभागीता सुनिश्चित गर्ने । | विपद व्यवस्थापनमा निजि क्षेत्रको जवाफदेहिता सहितको सहभागीता सुनिश्चित भएको हुनेछ । | गेरुवा गा.पा. विपद् व्यवस्थापन समिति | बिकास साझेदारहरु | मध्यकालिन |
| ७ | **विपद व्यवस्थापन सम्बन्धि क्षमतवृद्धि तालिम** ( जनप्रतिनिधि, स्थानीय विपद् व्यवस्थापन समिति कर्मचारीहरु र स्थानीय रूपमा सक्रिय चिराकी र बडघरहरुको क्षमता अभिवृद्धिका लागि विपद् व्यवस्थापन, पूर्व सूचना प्रणाली, जोखिम हिस्सेदारी, | विपद् जोखिम व्यवस्थापन सम्बन्धी बुझाईमा वृद्धि भएको हुनेछ | गेरुवा गा.पा. विपद् व्यवस्थापन समिति | बिकास साझेदारहरु | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | विपद् सूचना व्यवस्थापन सम्बन्धी अभिमुखीकरण र प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्ने) | | | | |
| ८ | **विद्यालय तथा बस्तिस्तरमा विपद जोखिम सचेतना वृद्धि** | विपद् जोखिम व्यवस्थापन सम्बन्धी बुझाईमा वृद्धि भएको हुनेछ | गेरुवा गा.पा. विपद् व्यवस्थापन समिति, शिक्षा शाखा | बिकास साझेदारहरु | अल्पकालिन |
| ९ | बहुप्रकोप पुर्वतयारी सम्बन्धि शिकाई आदान प्रदान | सिकाईमा वृद्धि भएको हुने छ | गेरुवा गा.पा. विपद् व्यवस्थापन समिति, | बिकास साझेदारहरु | निरन्तर |

# अध्याय ५

## प्राथमिकता प्राप्त क्षेत्र २: विपद जोखिम शासकिय पद्धतिको बिकास र सुदृढीकरण

**प्राथमिकता प्राप्त क्षेत्र २ : विपद जोखिम शासकिय पद्धतिको बिकास र सुदृढिकरण**

विपद् जोखिम शासकीय पद्धतिको स्थापना तथा सुदृढीकरण, जोखिमका बारेमा बुझ्ने तथा न्यूनीकरण र व्यवस्थापनको प्रयासका लागि पहिलो अनिवार्य शर्त हो । विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि आवश्यक संस्थागत संरचनाको स्थापना, सुदृढीकरण र आवश्यक नीति तथा कानूनको तर्जुमा गर्नुपर्ने हुन्छ । विभिन्न क्षेत्रगत विकास योजना मार्फत विपद् जोखिम न्यूनीकरणका कार्यलाई मुलप्रवाहीकरण गर्न आवश्यक संयन्त्र र प्रकृया निर्धारण गर्नुपर्छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा नागरिक सरोकारको सम्बोधन तथा शासकीय पद्धति समावेशी र जोखिममा रहेका समूहमैत्री पनि हुनुपर्छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम र नेपालको संविधान २०७२ ले स्थानीय तहलाई पर्याप्त अधिकार प्रदान गरेको सन्दर्भमा विपद् जोखिम शासकीय पद्धतिमा पनि स्थानीय तहलाई बढी जिम्मेवार बनाउँदै लानु पर्ने देखिएको छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरिएका छन ।

**प्राथमिकता प्राप्त कार्य ४ :** नितिगत व्यवस्था र संस्थागत विकास एवं सुदृढीकरण
**प्राथमिकता प्राप्त कार्य ५ :** स्थानीय कानूनी तथा नियामक संरचना निर्माण प्राथमिकता
**प्राथमिकता प्राप्त कार्य ६:** विपद् जोखिम सुशासनको लागि समन्वय तथा सहकार्य संयन्त्रको बिकास
**प्राथमिकता प्राप्त कार्य ७ :** विपद् उत्थानशिलताका लागी लैङ्गिक तथा सामाजिक समावेशीताको सुनिश्चितता

### ६.१. नितिगत व्यवस्था र संस्थागत संरचनाहरुको बिकास एवं सुदृढिकरण

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७४ बमोजिम र नेपालको संविधान २०७२ ले स्थानीय तहलाई पर्याप्त अधिकार प्रदान गरेको सन्दर्भमा विपद् जोखिम शासकीय पद्धतिमा पनि स्थानीय तहलाई बढी जिम्मेवार बनाउँदै लानुपर्ने देखिएको छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरिएका छन् ।

| क्र.स. | रणनीतिक क्रियाकलापहरु | अपेक्षित परिणाम | जिम्मेवार | सहयोगी | समय सीमा |
|---|---|---|---|---|---|
| १ | गाउँपालिका वडा तहमा स्थापित स्थानीय विपद् जोखिम व्यवस्थापन समितिलाई क्रियाशील बनाउने | विपद व्यवस्थापन समिति सक्रिय भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदारहरु | निरन्तर |
| २ | विपद् प्रभावित समुदायमा विपद् व्यवस्थापन समिति र अन्य कार्यदल गठन गरी कार्य जिम्मेवारी निर्धारण गर्ने | विपद् पूर्वतयारी तथा प्रतिकार्यका क्रियाकलापहरु व्यवस्थित रुपले सञ्चालन भएको हुनेछ | गेरुवा गा.पा. वडा कार्यालय | बिकास साझेदारहरु | निरन्तर |
| ३ | प्रत्येक विषयगत क्षेत्रमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अवधारणा एकीकृत र कार्यान्वयन गर्नको लागि गाउँपालिकामा समन्वय संयन्त्र स्थापना गर्ने | विषयगत क्षेत्रमा स्पष्ट जिम्मेवारी सहित समन्वय संयन्त्र भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदारहरु | अल्पकालिन |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | जोखिमयुक्त सार्वजनिक सेवा, जीविकोपार्जनकासाधनहरू तथा भौतिक पूर्वाधारहरू को प्रबलीकरणको लागि विशेष कोषको व्यवस्था गर्ने । | पूर्वाधारहरू प्रबलीकरणमा वित्तीय व्यवस्था र उत्तरदायित्व स्थापित भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदारहरु | दिर्घकालिन |
| ५ | विद्यालय तथा अस्पतालहरूमा विपद् जोखिम व्यवस्थापन समिति स्थापना गर्ने | विद्यालय तथा अस्पतालहरूमा विपद समिति स्थापना भई कार्य जिम्मेवारी निर्धारण भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदारहरु | मध्यकालिन |
| ६ | जोखिमयुक्त पूर्वाधारहरू प्रबलीकरण (Retrofitting) को लागि निर्देशिका तयार गर्ने | जोखिमयुक्त पूर्वाधारहरूको लागि प्रबलीकरण निर्देशिका तयार हुनेछ । | गेरुवा गा.पा. | बिकास साझेदारहरु | दिर्घकालिन |
| ७ | क्षेत्रगत विकास योजनाहरूमा विपद् जोखिम न्यूनीकरण मूलप्रवाहीकरण गर्न निर्देशिका तयार गर्ने | विपद् जोखिम मूलप्रवाहीकरण गर्न निर्देशिका तयार भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदारहरु | दिर्घकालिन |
| ८ | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा विशेष योगदान पुऱ्याउँने कर्मचारी, व्यक्ति र समुदायहरूलाई पुरस्कृत गर्ने प्रणाली विकास गर्ने | कर्मचारी, व्यक्ति र समुदायहरूको कार्यसम्पादनमा सुधार भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदारहरु | मर्ध्यकालिन |
| ९ | आपत्कालिन कोषलाइ प्रतिकार्यका साथै निश्चित रकम विपद् पुर्व तयारी मा पनि प्रयोग गर्न सक्ने गरी कार्यविधि तयार गर्ने | आपत्कालिन कोष संचालन कार्यविधि अद्यावधिक भएको हुनेछ | गा.पा. | बिकास साझेदारहरु | मध्यकालिन |
| १० | संकटाउन्मुख समूहको सुरक्षाको लागि र आपत्कालिन स्थितीमा लैङ्गिक हिंसा रोकथाम गर्न निर्देशिका तयार गर्ने | संकटाउन्मुख समूहको सुरक्षा निर्देशिका तयार भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदारहरु | मध्यकालिन |
| ११ | विपद् प्रतिकार्यमा समुदाय तहमा स्वयंसेवक परिचालनका लागि निर्देशिका बनाई लागु गर्ने | स्वयंसेवक परिचालन निर्देशिका उपलब्ध भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदारहरु | अल्पकालिन |
| १२ | गाउँपालिकाको विपद व्यवस्थापन निति तयार गर्ने | गाउँपालिकाको विपद व्यवस्थापन निति तयार भएको हुनेछ । | गेरुवा गा.पा. | बिकास साझेदारहरु | दिर्घकालिन |
| १३ | नीजि क्षेत्रहरूका व्यवस्थापन अभ्यासहरूमा विपद् जोखिम व्यवस्थापन एकीकृत गर्ने | नीजि क्षेत्रमा विपद् जोखिम व्यवस्थापन अवलम्बन भएको हुनेछ | गेरुवा गा.पा., | बिकास साझेदारहरु | दिर्घकालिन |
| १४ | विपद्को समयमा पशुपंक्षीको उद्धार , हेरचाह र व्यवस्थापन सम्बन्धी निर्देशिका निर्माण र कार्यान्वयन गर्ने | आपतकालीन अवस्थामा पशुपंक्षी उद्धार निर्देशिका निर्माण र कार्यान्वयन भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदारहरु | मध्यकालिन |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना अद्यावधिक गर्ने | स्थानीय तहमा प्रभावकारी विपद् तथा जलवायु उत्थानशील योजना तयार भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदारहरु | मध्यकालिन |
| १६ | राष्ट्रिय भवन संहितालाइ स्थानियकरण गरी लागू गर्ने | बाढी र भूकम्प प्रतिरोधी भवन निर्माणका लागि नीतिगत व्यवस्था लागु भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदारहरु | मध्यकालिन |
| १७ | हरित पूर्वाधार र पारिस्थितिकीय प्रणालीमा आधारित अनुकुलन ( Ecosystem Based Adaptation) अभ्यास र प्रकृतिमा आधारित समाधानका उपायहरु अबलम्बन गरि विपद् जोखिम न्यूनीकरणमा गर्ने | हरित पूर्वाधार र पारिस्थितिकीय प्रणालीमा आधारित अनुकुलन मार्फत विपद् जोखिम न्यूनीकरणमा सहयोग भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदारहरु | दिर्घकालिन |

## ६.३ *विपद् जोखिम सुशासनको लागि समन्वय तथा सहकार्य संयन्त्रको बिकास*

स्थानीय तहमा विपद् जोखिम शासकीय पद्धतिको क्षेत्रमा रहेको क्षमताको समिक्षा र मुल्यांकन गरी क्षमता अभिवृद्धि गर्नका साथै साझेदारी एवं सहकार्यको अवधारणा विकास गर्नु आवश्यक छ। साथै,विपद् जोखिम व्यवस्थापनमा संलग्न छिमेकी पालिकाहरू, छिमेकि जिल्ला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू र अनसुन्धान संस्थाहरूसँग सहकार्य र साझेदारी विकास गर्नुजरूरी छ। यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन्।

| क्र.स. | **रणनीतिक क्रियाकलापहरु** | **अपेक्षित परिणाम** | **जिम्मेवार निकाय** | **सहयोगी** | **समय सीमा** |
|---|---|---|---|---|---|
| १ | जिल्ला विपद व्यवस्थापन समितिको बैठकमा सहभागी भै प्रगति विवरण स्थानिय विपद व्यवस्थापन समितिमा जानकारी गराउने | जिल्ला स्तरमा भएका गतिविधी जानकारी हुनेछ। | गेरुवा गा.पा. विपद् व्यवस्थापन समिति | बिकास साझेदारहरु | निरन्तर |
| २ | जिल्ला आपतकालिन कार्य संचालन केन्द्र र स्थानिय आपतकालिन कार्य संचालन केन्द्र बिच समन्वय र संचार सम्पर्क गाउने | जिल्ला संग विपदको समन्वय संयन्त्र बिकास भएको हुनेछ। | गेरुवा गा.पा. विपद् व्यवस्थापन शाखा | बिकास साझेदारहरु | अल्पकालिन |
| ३ | पालिका स्तरमा रहको सबै सरकारी, गैह्सरकारी, निजि क्षेत्रहरु तथा रेडक्रस अभियानका प्रतिनिधीहरु लाई विपद सम्बन्धी छलफल | सरोकारवालाहरु संग समन्वय भएको हुनेछ। | गेरुवा गा.पा. विपद् व्यवस्थापन शाखा | बिकास साझेदारहरु | अल्पकालिन |
| ४ | विपद् जोखिम,जलाधार व्यवस्थापन र पूर्वसूचना प्रणालीका लागि अन्तर पालिका समन्वय संयन्त्र निर्माण गर्ने | अन्तर पालिका समन्वय हुनेछ | गेरुवा तथा छिमेकी स्थानिय तह | बिकास साझेदारहरु | अल्पकालिन |
| ५ | विपद् जोखिम न्युनीकरणमा संलग्न सरकारी तथा गैरसरकारी निकायहरू र रेडक्रसको सञ्जाल स्थापना गर्ने | सरोकारवालाहरूको सहभागिता भएको हुनेछ | गेरुवा गा.पा. विपद् व्यवस्थापन शाखा | बिकास साझेदारहरु | मर्ध्यकालिन |
| ६ | विपद् जोखिम न्यूनीकरणमा शासकीय क्षमता पहिचानगरी क्षमता अभिवृद्धिका कार्यक्रमहरू संचालन गर्ने | विपद् शासनमा क्षमता विकास भएको हुनेछ | गेरुवा गा.पा. विपद् व्यवस्थापन शाखा | बिकास साझेदारहरु | मध्य कालिन |
| ७ | जलवायु तथा विपद् जोखिम प्रभाव मूल्याङ्कन विधी सम्बन्धि तालिम संचालन गर्ने | जनशक्तिको विकास हुनेछ | गेरुवा गा.पा. विपद् व्यवस्थापन शाखा | बिकास साझेदारहरु | अल्पकालिन |
| ८ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, दातृ निकायहरू तथा अन्य सरोकारवालाहरूसँग सहकार्य र सहयोग प्रवर्धन गर्ने | विपद् जोखिम न्यूनीकरण तथाव्यवस्थापनमा व्यापक सहकार्य भएको हुनेछ | गेरुवा गा.पा. विपद् व्यवस्थापन समिति | बिकास साझेदारहरु | मध्य कालिन |

### ६.४. *विपद् उत्थानशिलताका लागी लैङ्गिक तथा सामाजिक समावेशीताको सुनिश्चितत* (**समावेशी विपद् व्यवस्थापनको प्रर्वधन**):

महिला, बालबालिका, ज्येष्ठ नागरीक, अपाङ्ग र आर्थिक तथा सामाजिक रूपले सीमान्तकृत समुदाय र व्यक्तिहरू सबैभन्दा बढी जोखिममा रहेका र विपद्बाट बढी प्रभावित हुने गरेका छन् । विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका विभिन्न प्रक्रियामा यी समूहहरूको पहुँच, प्रतिनिधित्व र अर्थपूर्ण सहभागिता बृद्धि गरी समावेशीताको सुनिश्चितता गर्नुपर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

| क्र.स | रणनीतिक क्रियाकलापहरु | अपेक्षित परिणाम | जिम्मेवार निकाय | सहयोगी | समयावधी |
|---|---|---|---|---|---|
| १ | विपद् जोखिम व्यवस्थापनका सम्पूर्ण प्रक्रियाहरूमा लैङ्गिक संवेदनशील, समानता र समावेशी पद्धति लागु गर्ने | समावेशी विपद् जोखिम व्यवस्थापन पद्धति अवलम्बन गरेको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदारहरु | अल्पकालिन |
| २ | विपद् बाट बढी प्रभावित, र संकटाउन्मुखता बढी भएका विभिन्न सामाजिक समूहको विपद् सुशासनका काममा सहभागिता बढाउँदै सशक्तिकरण र साझेदारीको प्रवर्धन गर्न विपद् जोखिम सरोकार समूहहरू गठन गरी संस्थागत विकास गर्ने | समुदाय तहमा विपद् जोखिम सरोकार समूहहरू स्थापना भई पीडित, संकटउन्मुख व्यक्ति, परिवार र समुदायको सहभागिता सुनिश्चित भएको हुनेछ | गेरुवा गा.पा. विपद् व्यवस्थापन समिति | बिकास साझेदारहरु | दिर्घकालिन |
| ३ | जोखिममा रहेका नागरिक र जनताको पहुँच, प्रतिनिधित्व र प्रभावकारी सहभागिताको लागि गाउँपालिका स्तरमा सामाजिक परिचालनका कार्यक्रमहरु संचालन गर्ने | विपद् जोखिम व्यवस्थापनका लागि सामाजिक परिचालनका कार्यक्रमहरु संचालन भएको हुनेछ | गेरुवा गा.पा. विपद् व्यवस्थापन समिति | बिकास साझेदारहरु | दिर्घकालिन |
| ४ | सीमान्तकृत समूह, महिला, अपाङ्ग, बाल-बालिका तथा वृद्ध-वृद्धाहरू जस्ता अतिसंकटउन्मुख समूहहरूका लागि विशेषकार्यक्रमहरूको तय गरी संचालन गर्ने | विशेष कार्यक्रमहरू संचालन भै संकटउन्मुख समुदायको विपद् जोखिम न्यूनीकरण भएको हुनेछ | गेरुवा गा.पा. विपद् व्यवस्थापन समिति | बिकास साझेदारहरु | दिर्घकालिन |

## अध्याय ६

### प्राथमिकता प्राप्त क्षेत्र :३ विपद जोखिम न्युनिकरणका तथा उत्थानशीलता वृद्धिका लागी निजी तथा सार्वजनीक लगानी प्रवर्धन

विपद् जोखिम न्यूनीकरणमा लगानी प्रवर्धन गर्नुको मूलभूत उद्देश्य उत्थानशीलता वृद्धिका लागि श्रोत परिचालन मार्फत विद्यमान जोखिम न्यूनीकरण गरी सम्भावित क्षतिलाई कम गर्नु हो। सार्वजनिक, निजी लगानी सुनिश्चित गरेर जोखिम न्यूनीकरणका क्रियाकलापहरुलाई विकास निर्माणका कार्यमा एकीकरण गरी भविष्यमा सृजना हुनसक्ने सम्भावित जोखिमको अन्तरनिहीत कारणहरुको सम्बोधन गरी जनधन तथा विकास पूर्वाधारहरुलाई सुरक्षित गर्न सकिन्छ। यस प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत देहाय बमोजिमका प्राथमिकता प्राप्त कार्यहरु र निम्न रणनीतिक क्रियाकलापहरू तय गरिएका छन ।

**प्राथमिकता प्राप्त कार्य ९ :** उत्थानशीलता वृद्धिका लागि लगानी प्रवर्धन
**प्राथमिकता प्राप्त कार्य १० :** विपद जोखिम न्यूनिकरणका लागी सरकारी लगानी अभिवृद्धि
**प्राथमिकता प्राप्त कार्य ११ :** विपद जोखिम न्यूनिकरणका लागी निजि लगानी अभिवृद्धि
**प्राथमिकता प्राप्त कार्य १२ :** विपद जोखिम हस्तान्तरण र सामाजिक सुरक्षामा लगानी वृद्धि

### ७.१ विपद जोखिम न्युनीकरणमा आधारित लगानी प्रबर्धन

भौतिक पूर्वाधारहरू, प्राकृतिक श्रोतहरू, जीविकोपार्जनका उपाय र सीपहरू, कृषि औजार, सम्पत्ति र लगानीहरू हरेक विपद्ब्राट प्रभावित हुने गरेका छन । गरीब, निमूखा,भूमिहीन, सीमान्तकृत, ज्याला मजदुरीमा आश्रित व्यक्ति र परिवारको जीविकोपार्जनलाई प्रत्येक प्रकोपले दीर्घकालीन रूपमा क्षति पुऱ्याएर विपद् संकटउन्मुखतामा बृद्धि भैरहेको छ ।

| क्र.स. | रणनीतिक क्रियाकलापहरु | अपेक्षित परिणाम | जिम्मेवारी | सहयोग | अवधी |
|---|---|---|---|---|---|
| १ | गेरुवा गाउँपालिकाको वार्षिक योजना छनोटमा विपद् जोखिम न्यूनीकरण योजनालाई प्राथमिकता सहित कार्यान्वयन गर्न सामाजिक परिचालनका कार्यक्रम संचालन गर्ने | योजनामा विपद् जोखिम न्यूनीकरण समावेश भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदार, निजिक्षेत्र | अल्पकालिन |
| २ | गेरुवा गाउँपालिका भित्र जोखिममा रहेका पूर्वाधारहरु ( विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, खानेपानी तथा सरसफाइका संरचना, सरकारी तथा सावजनिक भवनहरु, र साँस्कृतिक धरोहरहरु) प्रवलीकरणका लागि लगानी बढाउने | सडक जोखिम लगानी सुनिश्चित भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदार, निजिक्षेत्र | दिर्घकालिन |
| ३ | सार्वजनिक स्थानमा रहेका शिमसार र पोखरीहरुको निर्माण तथा संरक्षण गरी जल संरक्षण र बहु उपयोगको अवधारणा अवलम्बन गर्ने | बाढी, खडेरी तथा आगलागीको क्षति कम भएको हुनेछ | गेरुवा गा.पा. | | मध्यकालिन |

### ७.२. विपद जोखिम न्यूनीकरणका लागी सरकारी लगानी वृद्धि

विपद् जोखिम आँकलनको आधारमा वार्षिक तथा आवधिक योजनाहरूको तर्जमा गरी विपद् जोखिम न्यूनीकरणका लागि सार्वजनिक निकायहरूले पर्याप्त बजेटको व्यवस्था गर्नुजरूरी छ। यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन्।

| क्र.स | रणनीतिक क्रियाकलापहरु | अपेक्षित परिणाम | जिम्मेवार | सहयोगी | समय सीमा |
|---|---|---|---|---|---|
| १ | सबै क्षेत्रगत निकायहरूले कम्तिमा दस प्रतिशत बार्षिक बजेट विपद् जोखिम न्यूनीकरणका लागि छुट्याउने व्यवस्था गर्ने | विपद् जोखिम न्युनिकरणमा लगानी भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदार | निरन्तर |
| २ | सडक निर्माण लागतको कम्तिमा दश प्रतिशत रकम सडक सुरक्षाका लागि छुट्याउँने व्यवस्था गर्ने | सडक जोखिम लगानी सुनिश्चित भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदार | दिर्घका लिन |
| ३ | विपद् जोखिम न्यूनीकरणका कार्यक्रम तथा वजेट तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी वजेट प्रणाली अनुसरण गर्ने | वजेट प्रणाली मा लैङ्गिक समानता भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदार | मध्यकालिन |
| ४ | कृषि बिकास रणनीतिले व्यवस्था गरे अनुसारको किसान कल्याणकारी कोषको स्थापना गर्ने | कोषको स्थापना भएको हुनेछ | गेरुवा गा.पा., कृषि शाखा | बिकास साझेदार | मध्यकालिन |
| ५ | गेरुवा गाँउपालिकाको वार्षिक बजेट पद्धतिमा विपद् जोखिम व्यवस्थापन बजेट कोडको व्यवस्था गर्ने | वार्षिक बजेट सुनिश्चित भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदार | मध्यकालिन |
| ६ | विपद जोखिम बीमा कार्यमा किसानको सहभागीतावृद्धिका लागी बिमा शुल्कमा सरकारी लगानी बढाउने | बीमा कार्यमा किसानको सहभागीता वृद्धि भएको | गेरुवा गा.पा. | बिकास साझेदार | अल्पकालिन |

### ७.३. विपद जोखिम न्यूनीकरणमा निजी लगानी प्रवर्द्धन

ब्यापार तथा उद्योगहरूमा विपद् जोखिम निर्धारणको आधारमा व्यवसाय निरन्तरता योजना तयारी र कार्यान्वयन गर्नु पर्ने हुन्छ। अकोतर्फ व्यवसायिक उत्तरदायित्वको रुपमा नीजि क्षेत्र, बैंक, सहकारी तथा सामुदायिक संस्थाहरूले विपद् जोखिम न्यूनीकरणका लागि लगानी गर्ने सहज व्यवस्था गर्नु जरूरी हुन्छ। यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन।

| क्र.स. | रणनीतिक क्रियाकलापहरु | अपेक्षित परिणाम | जिम्मेवार निकाय | सहयोगी | समय सीमा |
|---|---|---|---|---|---|
| १ | साना ब्यापार तथा उद्योगहरूलाई विपद्को समयमा व्यवसाय निरन्तरता योजना तयार र कार्यान्वयन गर्न प्रोत्साहन गर्ने | विपद्को समयमा व्यवसायिक क्षेत्रहरू संचालन भएका हुनेछन | गेरुवा गा.पा. विपद् व्यवस्थापन समिति | निजी क्षेत्र | निरन्तर |
| २ | विपद् जोखिम न्यूनीकरणमा नीजि क्षेत्रको स्रोत परिचालनलाई बढावा दिन करमा केहि छुट दिने व्यवस्था, सम्मान लगायतका गतिबिधिबाट प्रोत्साहनको गर्ने | विपद्मा नीजि लगानी भएको हुनेछ | गेरुवा गा.पा. | निजी क्षेत्र, बिकास साझेदार | मध्यकालिन |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | विपद् जोखिम न्यूनीकरणका लागि लगानी, लघु ऋण, बीमा आदिको विकास तथा प्रवर्धन गर्ने | नीजि क्षेत्रको संलग्नता अभिवृद्धि भएको हुनेछ | गेरुवा गा.पा. | बित्तिय संस्था | मध्यकालिन |
| ४ | विपद् प्रभावित व्यक्ति तथा समुदायहरूलाइ लक्षित गरिलघुवित्त लगायतबाट बित्तिय सस्थाबाट, सहुलियत ऋण, ससर्त नगद स्थानान्तरण आदिको व्यवस्था गर्न पहल गर्ने | पुनर्लाभ क्षमताबृद्धि भएको हुनेछ | गेरुवा गा.पा. | निजी क्षेत्र, | मध्यकालिन |
| ५ | बैंक, सहकारी तथा सामुदायिक संस्थाहरू जस्तैः वन उपभोक्ता समिती मार्फत विपद् जोखिम न्यूनीकरणमा लगानीको लागि सहज व्यवस्था गर्ने | विपद् जोखिम तथा क्षति कम भएको हुनेछ | गेरुवा गा.पा. | निजी क्षेत्र, बिकास साझेदार | मध्यकालिन |
| ६ | उद्योग बाणिज्य संघलाई विपदको समयमा खाद्य सामग्री व्यवस्थापन योजना बनाउन सहयोग गर्ने | विपद् कार्य छिटो छरितो हुने | गेरुवा गा.पा. | निजी क्षेत्र, | अल्पकालिन |
| ७ | विपदको सयमा निजी क्षेत्रसंग भएको यन्त्र उपकरणलाई सहजरुपमा प्रयोग योजना बनाउने | तत्काल उद्दार गर्न सकिने | गेरुवा गा.पा. | निजी क्षेत्र, | निरन्तर |

### ७.४.विपद् जोखिम हस्तान्तरण र सामाजिक सुरक्षामा लगानी वृद्धि

कृषि तथा पशु बीमा, लघु बीमा, आकस्मिक कोष, निम्न व्याजदर ऋण योजना जस्ता जोखिम हिस्सेदारी विधीहरूको विकास गर्नु जरूरी देखिन्छ। सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई पनि विपद् उत्थानशीलतासँग जोडन् पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन ।

| **क्र.स.** | **रणनीतिक क्रियाकलापहरु** | **अपेक्षित परिणाम** | **जिम्मेवार निकाय** | **सहयोगी** | **समय सीमा** |
|---|---|---|---|---|---|
| १ | गेरुवा गाउँपालिका द्वारा निर्माण गरिएको विपद् जोखिम हस्तान्तरण कार्यबिधि कार्यान्वयन गर्ने | जोखिम हिस्सेदारीका संन्चालन भएको हुनेछन् | गेरुवा गा.पा., बिमा कम्पनि | संघ, प्रदेस, बिमा कम्पनि | **निरन्तर** |
| २ | विपदको खोज तथा उद्धारमा संलग्न व्यक्ति तथा समुदाय अल्पकालीन जीवन विमाको व्यवस्था गर्ने | आपतकालिन बिमाको व्यवस्था भएको हुनेछ । | गेरुवा गा.पा., बिमा कम्पनि | संघ, प्रदेस, संघसस्था | अल्पकालीन |
| ३ | जोखिम क्षेत्रका व्यक्ति, घर परिवार वा समुहको जीवन वीमा, कृषि तथा पशु विमा, सवारी साधन विमा, सुचकाँन्कमा आधारित बाढी बिमा आदिलाइ प्रवर्द्धन गर्ने | आपतकालिन बिमाको व्यवस्था भएको हुनेछ । | गेरुवा गा.पा.,बिमा कम्पनि | संघ, प्रदेस, संघसस्था, | अल्पकालीन |
| ४ | कृषिमा बढदो विपद् (बाढी, खडेरी) जोखिम र खाद्य असुरक्षाको चुनौतिलाई सम्वोधन गर्न कृषि बीमा, खाद्य तथा बिउ भण्डारहरूको स्थापना गर्ने | कृषि क्षेत्रको विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ | गेरुवा गा.पा. बिमा कम्पनि | संघ, प्रदेस, संघसस्था, बिमा कम्पनि | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | विपद् जोखिम बीमा, जोखिम हिस्सेदारी (जस्तै सुचकांक आधारित बाढी बिमा लगायतका कार्यक्रममा नीजि क्षेत्रको सहभागिता र लगानीलाई आकर्शित गर्न सार्वजनिक नीजि साझेदारीलाई प्रवर्धन गर्ने | जोखिम हिस्सेदारीमा सार्वजनिकनीजि साझेदारीको भएको हुनेछ | गेरुवा गा.पा., बिमा कम्पनि | संघ, प्रदेस, संघसस्था, बित्तिय सस्था | मध्यकालीन |
| ६ | सशर्त तथा निशर्त नगद हस्तान्तरण कार्यक्रम सञ्चालन गर्ने | नगद हस्तान्तरण कार्यक्रम सञ्चालन भएको हुनेछ | गेरुवा गा.पा., बिमा कम्पनि | संघ, प्रदेस, संघसस्था | निरन्तर |
| ७ | जिवीकोपार्जनका आधार, औजार, साना उद्यम, उत्पादन कृषि फार्म, माछापालन फर्म, कुखुरा पालन फार्म पशुपालन फर्म खुद्रा पसल, उद्योग आदिलाई योगदानमा आधारित विमा गराउने | जीविकोपार्जनउपायहरूको बीमा भएको हुनेछ | गेरुवा गा.पा., बिमा कम्पनि | संघ, प्रदेस, संघसस्था | अल्पकालीन |
| ८ | गरिवीको रेखामुनि रहेका घर परिवारलाई विपद प्रभावित भएको खण्डमा स्वतः बीमा लाभग्राही हुने व्यवस्था गर्ने | गरीबीको रेखामुनीका घर परिवारहरूको बीमा भएको हुनेछ | गेरुवा गा.पा., बिमा कम्पनि | संघ, प्रदेस, संघसस्था, बिमा कम्पनि | मध्यकालीन |
| ९ | सार्वजनिक भवनहरू, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा महत्वपूर्ण पूर्वाधारहरूको विपद् जोखिम बीमा गर्ने | विपद् जोखिम बीमा प्रभावकारी भएको हुनेछ | गेरुवा गा.पा. विपद् व्यवस्थापन समिति, बिमा कम्पनि | संघ, प्रदेस, संघसस्था, बिमा कम्पनि | निरन्तर |
| १० | बिपद बीमा वृद्धि गर्ने बिमा शुल्कमा अनुदान वृद्धि गर्ने | बिपद बिमाको अभ्यास बढेको हुनेछ । | गा.पा. | प्रदेस, बिमा कम्पनि | निरन्तर |
| ११ | विपद प्रतिकार्य तालिम प्राप्त जनशक्ति तयारीमा लागानी वृद्धि गन | विपद प्रतिकार्यका लागी दक्षजनशक्तिको उपलब्धता | गा.पा. | संघ, प्रदेस, संघसस्था | निरन्तर |
| १२ | विद्यालय, निजी तथा सार्वजनिक भवन निर्माण गर्दा भवन आचारसंहिताको पालना गर्ने । | सुरक्षित भवनको उपलब्धता | गा.पा. | संघ, प्रदेस, संघसस्था | निरन्तर |
| ५ | समुदायस्तरमा विपद व्यवस्थापन समिति लगायत अन्य समुदायका व्यक्तिहरुलाई परिचालन गर्ने संचार प्रविधि मार्फत सुचनाहरु नियमित रुपमा प्रर्वधन गन बडघर , चौकिदार परिचान मार्फत सुचना संप्रशण) | प्रभावकारी सुचना प्रणालीको उपलब्धता | गा.पा. | बिकास साझेदार | निरन्तर |

# अध्याय ७

## प्राथमिकता प्राप्त क्षेत्र :४ प्रभावकारी विपद पुर्वतयारीको सुदृढिकरण

विपद् पूर्वतयारीका लागि संस्थागत, नीतिगत र कार्य क्षमता अभिवृद्धि गर्नु पर्ने हुन्छ । आपत्कालिन कार्यसंचालन केन्द्रको स्थापनाका साथै भण्डारण गृहहरूको स्थापना गरी पर्याप्त मात्रामा खाद्यान्न, पानी, औषधी तथा अन्य राहत सामाग्रीहरू र उद्धार उपकरणहरूको भण्डारण गर्न पर्ने हुन्छ । यस प्राथमिकता प्राप्त क्षेत्रले प्रभावकारी प्रतिकार्यको लागि आवश्यक पूर्वतयारी र जोखिम न्यूनीकरण सहितको पुनर्स्थापना तथा पुनर्निर्माणलाई समेट्दछ । विपद् पश्चातको प्रतिकार्य, पुनर्स्थापना र पुननिर्माण तथा पुनर्लाभका गतिविधिहरुमा बहुप्रकोप जोखिमलाई ख्याल गरी अझ बलियो र सबैप्रकारको जोखिमबाट सुरक्षित निर्माणका लागि आवश्यक रणनीतिक क्रियाकलापहरुलाई समेटेर निम्नानुसारका प्राथमिकता प्राप्त कार्यहरु र रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

**प्राथमिकता प्राप्त कार्य १३ :** प्रभावकारी प्रतिकार्यका लागी विपद पूर्वतयारी सुदृढीकरण
**प्राथमिकता प्राप्त कार्य १४:** बहूप्रकोप पूवसूचना प्रणालीको बिकास
**प्राथमिकता प्राप्त कार्य १५ :** समुदायमा आधारित विपद् उत्थानशील कार्यक्रम प्रवर्द्धन
**प्राामिकता प्राप्त कार्य १६ :** विपद् पूर्वतयारीको लागि सञ्चार तथा प्रसारण प्रणाली सुदृढीकरण
**प्राथमिकता प्राप्त कार्य १७ :** खोज तथा उद्धार क्षमता बिकास
**प्राथमिकता प्राप्त कार्य १८ :** उत्थानशि पुर्ननिर्माण, पुर्न स्थापना र पुनलार्भका लागी "अझ राम्रो र बलियो निर्माण " को प्रर्बधन ।

### ८.१ प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण

| क्र.स. | रणनीतिक क्रियाकलापहरु | अपेक्षित परिणाम | जिम्मेवारी | सहयोगी | समय सीमा |
|---|---|---|---|---|---|
| १ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अधावधिक गर्ने | विपद् पूर्वतयारी योजना अधावधिक भएको हुनेछ | गेरुवा गा.पा. विपद् शाखा | नेपाल रेडक्रस सोसाइटी | |
| २ | संस्थागत, नीतिगत र कार्यक्रमिक क्षमता अभिवृद्धि गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनले प्राथमिकता पाउने कुराको प्रत्याभूति गर्ने | संस्थागत, नीतिगत र कार्यक्रममा विपद् व्यवस्थापन भएको हुनेछ | गेरुवा गा.पा., विपद् शाखा | बिकास साझेदार | अल्पकालीन |
| ३ | विपद् प्रतिकार्यमा एकद्वार तथा क्षेत्रगत प्रणाली (Cluster System) विकास गरी लागू गर्ने | एकीकृत विपद् प्रतिकार्य प्रणाली विकास भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदार | निरन्तर |
| ४ | गाउँपालिका तहमा आपत्कालिन कार्यसंचालन केन्द्र स्थापना गर्ने ( आपतकालीन अस्थायी आश्रयस्थलको लागि नगरमा खुल्ला क्षेत्र पहिचानरअध्यावधिक गरी अस्थायी आश्रयस्थल निर्माण गर्ने) | आपत्कालिन कार्यसंचालन केन्द्र व्यवस्थित हुनेछ साथै आपतकालीन समयको लागि खुल्ला क्षेत्र पहिचान र आश्रयस्थल निर्माण भएको हुनेछ | गेरुवा गा.पा. विपद् शाखा | बिकास साझेदार | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | प्रत्येक सार्वजनिक, सरकारी र व्यावसायिक भवनमा निकासी मार्ग (Evacuation Route) र भेला हुने स्थान (Area of Assembly) छुट्याई रेखाङ्कन र सीमाङ्कन गर्न | सार्वजनिक भवन तथा स्थलहरूमा विपद पूर्वतयारी भएका हुनेछन् | गेरुवा गा.पा. विपद् शाखा | बिकास साझेदार | निरन्तर |
| ६ | पायक स्थानमा पशुपन्छी आश्रयस्थलहरू स्थापना गर्ने | पशुर्पक्षि आश्रय पाउनेछन । | गेरुवा गा.पा | बिकास साझेदार | मध्यकालीन |
| ७ | यातायात सेवा तथा बन्दोवस्ती व्यवस्थापन संयन्त्रको भरपर्दो व्यवस्था गर्ने र दुर्गम क्षेत्रहरूसँगको पहुँच बढाउने | प्रभावकारी बन्दोवस्ती व्यवस्थापन भएको हुनेछ | गेरुवा गा.पा | बिकास साझेदार | अल्पकालीन |
| ८ | सबै वडामा आपत्कालिन हेलीप्याड निर्माण गर्ने | | गा.पा., | बिकास साझेदार | निरन्तर |
| ९ | पालिका साथै वडा तहमा COVID-19 जस्ता महामारीको व्यवस्थापनका लागि Quarentine तथा Isolation का लागि उपयुक्त स्थानको पहिचान गरी व्यवस्थापन गर्ने । | संक्रमितहरुलाई प्रभावकारी सेवाहरु प्राप्त भएको हुनेछ । | गेरुवा गा.पा., स्वास्थ्य शाखा | बिकास साझेदार | मध्यकालीन |
| १० | वडा तहमा खाद्यान्न, पानी, औषधी तथा अन्य राहत सामाग्रीहरू र उद्धार उपकरणहरूको गोदाम घर वा भण्डारण गृह स्थापना गर्ने | उद्धार सामग्रीहरूको भण्डारण भएको हुनेछ | गा.पा., | बिकास साझेदार | निरन्तर |
| ११ | आपत्कालिन उद्धार सामाग्रीहरू तथा उपकरणहरू (डुङ्गा, लाइफ ज्याकेट, स्ट्रेचर आदि) सहित खाद्य, पेय तथा अखाद्य सामाग्रीहरू, बीउबिजन, पशुपन्छीका दानाहरू पर्याप्त मात्रामा भण्डारण गर्ने | राहत तथा उद्धार सामग्रीहरू उपलब्ध भएका हुनेछन् | गा.पा. विपद्/कृषि शाखा | बिकास साझेदार | निरन्तर |
| १२ | गाउँपालिकामा आपत्कालिन उद्धार उपकरणहरू जस्तैः दमकल, एम्बुलेन्सको व्यवस्था गरि Stand by अवस्थामा राख्ने | ऋापतकालिन उद्धारसामग्रीहरू उपलब्ध भएका हुनेछन् | गा.पा. विपद्/स्वास्थ्य शाखा | बिकास साझेदार | निरन्तर |
| १३ | गाउँपालिकामा : दमकलको व्यवस्था राख्ने | आगलागि नियन्त्रणमा सहज हुनेछ | स्वास्थ्य शाखा | गा.पा., प्रदेशसरकार | |
| १४ | महिला, सुत्केरी, बालबालिका,वृद्धवृद्धा, अपाङ्ग तथा बिरामीहरूका लागि आवश्यक पर्ने विशेष खाद्यान्न, औषधि, सरसफाईका सामान तथा | आपतकालमा संकटाउन्मुख समूहको विशेष आवश्यकता सम्बोधन भएको हुनेछ | गेरुवा गा.पा. विपद्/स्वास्थ्य शाखा | बिकास साझेदार | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | सहायक उपकरणहरू पर्याप्त मात्रामा भण्डारण गर्ने | | | | |
| १५ | वाढी प्रभावित स्थानमा उच्च घर, उच्च धारा तथा उच्च अन्न भण्डारण केन्द्रको निर्माण गर्ने साथै निमार्ण भएका सरचनाको उचित मर्मत सम्भार गर्ने | आपतकालीन समयको लागि पुर्वाधार पहिचान र निर्माण भएको हुनेछ र ति स्थानमा उद्धार तथा राहत सामाग्रीको उपलब्धता सुनिश्चित भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदार | निरन्तर |
| १६ | खुल्ला मैदान पहिचान गरि निश्चित गर्ने | प्रत्यक वडामा २ वटा | गा.पा। वडा | बिकास साझेदार | निरन्तर |

## ८.२. बहुप्रकोप पूर्वसूचना प्रणालीको विकास र विस्तार

प्रमुख प्रकोपहरूका लागि पूर्वसूचना प्रणाली स्थापना, क्षमता अभिबृद्धि र पूर्वसूचना सन्देशप्राप्त भइ सके पछिचाल्नु पर्ने कदमहरू बारे चेतनामूलक तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नपु र्ने आवश्यकता हुन्छ। पर्वूसूचना प्रणाली सञ्चालनका लागि कार्य सञ्चालन विधी तयार गरी विभिन्न निकायहरूको भूि मका तथा जिम्मेवारीको बारेमा स्पष्ट पार्नु पर्ने आवश्यकता छ। यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन्।

| क्र.स. | रणनीतिक क्रियाकलापहरु | अपेक्षित परिणाम | जिम्मेवारी | सहयोगी | समय सीमा |
|---|---|---|---|---|---|
| १ | बाढी तथा डुवानेको उच्च जोखिम स्थानहरुमा पूर्वसूचना प्रणालीको स्थापना र सुदृढिकरण गर्ने | पूर्वसूचनाप्रणालीहरू व्यवस्थित भएका हुनेछन् | गेरुवा गा.पा. | जल तथा मौसम विज्ञान विभाग, विकास साझेदार | अल्पपालिन अनि निरन्तर |
| २ | प्रमुख प्रकोपहरुको तथ्याङ्क विश्लेषण र पूर्वानुमान गरी प्रकोप पात्रोको आधारमा पूर्वसूचनामूलक सन्देश उत्पादन तथा प्रसारण गर्ने | पूर्वसूचनामुलक सन्देशहरु उत्पादन र प्रसारण भएको हुनेछ | गेरुवा गा.पा. | जल तथा मौसम विज्ञान विभाग, | निरन्तर |
| ३ | स्थानीय ज्ञान, सीप, अनुभव र असल अभ्यासलाई विपद् पूर्वसूचनामा सदुपयोग गर्ने | परम्परागत ज्ञान, सीप र अनुभवलाई समेटिएको हुनेछ | गेरुवा गा.पा. | विपद् व्यवस्थापन शाखा, | निरन्तर |
| ४ | सडक दुर्घटनाग्रस्त सडक खण्डमा पूर्वसूचना प्रणालीको लागि आवश्यक चिन्हहरु तथा उपकरणहरु राख्ने | चिन्ह तथा उपकरणहरु भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदार | निरन्तर |
| | बहुप्रकोृप पूर्वसूचना प्रणालीको स्थापना र बिकास गर्ने | बहुप्रकोपिय पूर्वसूचनाको उपलब्धता | गेरुवा गा.पा. | बिकास साझेदार | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | पूर्वसूचना प्रणाली सञ्चालन सम्बन्धी प्रक्रियालाई मार्गदर्शन गर्न कार्यसञ्चालन विधी (Standard Operating Procedure) तयार गर्ने | कार्यविधी उपलब्ध भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदार | अल्पकालीन |
| ६ | पूर्वसूचना प्रणालीमा महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग, आदिवासी र संकटउन्मुख समुदायको पहँचु , प्रतिनिधित्व र प्रभावकारी सहभागिता सुनिश्चित गर्ने | पूर्वसूचना प्रणाली समावेशी भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदार | |
| ७ | पूर्वसूचना प्रणालीलाई विपद् जोखिम व्यवस्थापन सम्बन्धि तालीम तथा शैक्षिक कार्यक्रमको पाठ्यक्रममा समावेश गर्ने | पूर्वसूचना प्रणालीका अध्यापन भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदार | निरन्तर |
| ८ | सार्वजनिक भवनहरू, विद्यालयहरू, अस्पतालहरू तथा महत्वपूर्ण पूर्वाधारहरूमा धुँवा डिटेक्टर र आगलागि अलार्म तथा अग्नि नियन्त्रण यन्त्रको जडान गर्न प्रोत्साहन गर्ने | आगलागिको पूर्वसूचनाले क्षति कम भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदार | अल्पकालीन |
| ९ | संकटाउन्मुख लक्षित समुदायहरू (महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग, आदिवासी, दलित, विपन्न) को लागि पूर्वसूचना प्रणाली बारे जानकारीमूलक सामाग्रीहरूको (पुस्तिका, पर्चा, विद्युतीय सन्देश इत्यादि) तयारी गर्ने | लक्षित समुदायहरू पूर्वसूचनाप्रणाली बारे जानकार भएका हुनेछन् | गेरुवा गा.पा. | बिकास साझेदार | अल्पकालीन |
| १० | सञ्चार माध्यमहरूद्वारा पूर्वसूचना प्रणालीबारे सचेतना कार्यक्रमहरूको सञ्चालन गर्ने | पूर्वसूचनाप्रणालीबारे सचेतना बृद्धि भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदार | |
| ११ | पूर्वसूचना प्रचारप्रसार तथा प्रतिकार्यको प्रभावकारिता सम्बन्धमा नियमित परीक्षण तथा अभ्यासहरू सञ्चालन गर्ने | पूर्वसूचना प्रचार प्रसार तथा प्रभावकारिता परीक्षण भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदार | |
| १२ | सामुदायिक सूचना केन्द्रहरू स्थापना गर्ने | सुसूचित भएका हुनेछन् | गेरुवा गा.पा. | बिकास साझेदार | निरन्तर |
| १३ | आमसंचार र आधुनिक सूचना प्रविधि लाई विपद् जोखिम सचेतना अभिवृद्धि र पूर्वसूचना प्रणालीसँग व्यवस्थित रूपले जोड्न संस्थागत, नीतिगत र कार्यक्रमिक साझेदारीको विकास गर्ने | प्रविधिको प्रभावकारी प्रयोग भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदार | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि संचार तथा प्रसार प्रणालीको प्रभावकारीता बढाउन आधुनिक विज्ञान तथा प्रविधि (Web Portal, Mobile Apps, SMS) को उपयोग र प्रवर्धन गर्ने | उन्नत संचार तथा प्रसार प्रणाली उपलब्ध तथा प्रयोग भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदार | निरन्तर |
| १५ | गाउँपाालिकामा विपद् जोखिम न्यूनीकरण वेब पोर्टल स्थापना गर्ने | वेबपोर्टल भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदार | दीर्घकालीन |
| १६ | पुनःस्थापना र पुनर्निर्माणका लागि आधुनिक सूचना प्रविधि उपयोग गरेर द्रुत आँकलन प्रणाली विकास गर्ने | विपद् क्षतिको जानकारी तुरून्त उपलब्ध भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदार | अल्पकालीन |

## ८.३. समुदायमा आधारित विपद जोखिम न्यूनीकरण प्रवर्द्धन

प्रभावकारी विपद् पूर्वतयारी र प्रतिकार्यका लागि विपद् जोखिम, प्रकोप र संकटासन्नताको बारेमा समुदायमा काम गर्ने, सचेतना बढाउने, जनतालाई सुसचित राख्ने र परिचालन गर्नसक्ने समुदायमा आधारित संस्थागत संरचनाहरूको स्थापना, विस्तार र त्यसको सञ्जालीकरण गर्नु आवश्यक छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

| क्र.स. | रणनीतिक क्रियाकलापहरु | अपेक्षित परिणाम | जिम्मेवारी | सहयोगी | समय सीमा |
|---|---|---|---|---|---|
| १ | पालिका तथा वडा स्तरमा स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना निर्माण गर्ने | योजनातयार भएका हुनेछन । | गेरुवा गा.पा. | बिकास साझेदार | मध्यकालीन |
| २ | विपद् जोखिम व्यवस्थापनका लागि समुदायमा आधारित संस्थाहरूको स्थापना, विस्तार र त्यसको सञ्जालीकरण गर्ने | सञ्जालीकरण भएको हुनेछ । | गेरुवा गा.पा. | बिकास साझेदार | मध्यकालीन |
| ३ | स्थानीय विपद् प्रतिकार्य र खोज तथा उद्धार, प्राथमिक उपचार टोलीको गठन गर्ने | स्थानीय खोज तथा उद्धार कार्य प्रभावकारी भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदार | दीर्घकालीन |
| ४ | विपद् जोखिम व्यवस्थापन र न्यूनीकरणमा स्थानीय सरोकार, चासो र सहभागिताको प्रत्याभूतिका लागि समुदायमा आधारित समूहहरू, स्थानीय गैरसरकारी संस्थाहरू र नागरीक समूहहरूसँग साझेदारीको विकास गर्न स्थानीय निकाय र गैरसरकारी संस्था बीच सहकार्यको लागि निर्देशिका बनाई लागू गर्ने | विपद जोखिम व्यवस्थापनमा स्थानीय सरोकार र चासो सम्बोधन भएको हुनेछ | गेरुवा गा.पा. विपद् व्यवस्थापन समिति | बिकास साझेदार | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | स्थानीय स्तरमा प्रमुख प्रकोपका लागि समुदायमा आधारित पूर्वसूचना प्रणालीको विकास गर्ने | पूर्व सुचना प्रणालीको बिकास भएको हुनेछ । | गेरुवा गा.पा. | बिकास साझेदार | मध्यकालीन |
| ६ | समुदायका तालिम प्राप्त, पूर्व अभ्यासशील स्वयंसेवकहरूको प्रथम उद्दारक संयन्त्रको रुपमा विकास गरी क्षमता अभिवृद्धि गर्ने | स्वयंसेवकहरू को क्षमता अभिवृद्धि भएको हुनेछ । | गेरुवा गा.पा. | बिकास साझेदार | अल्पकालीन |
| ७ | विपद् जोखिम व्यवस्थापनका लागि समुदायमा आधारित संस्थाहरूका कार्यक्रम र नीति निर्माणमा महिला,बालबालिका, वृद्धवृद्धा, अपाङ्ग र संकटउन्मुख समुदायको पहुँच, प्रतिनिधित्व र प्रभावकारी सहभागिता सुनिश्चित गर्ने | समुदायमा आधारितविपद् जोखिमव्यवस्थापन समावेशी भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदार | मध्यकालीन |
| ८ | पालिका तहमा अनुगमन तथा मूल्याङ्कन योजना र कार्यविधि तयार गर्ने | अनुगमन तथा मूल्याङ्कन कार्यविधि तयारभएको हुनेछ | गेरुवा गा.पा. | | निरन्तर |

## ८.४. खोज, उद्धार, क्षमता बिकास

विपद् पश्चात आपत्कालिनखोज तथा उद्धार (Search and Rescue) कार्य तीन वटै सुरक्षा निकायबाट समन्वयात्मक रुपले हनु गरेको भएतापनि कार्यगतरूपमा दक्ष र श्रोत साधनसहित जिम्मेवारी पाएको एकीकृत संस्थागत व्यवस्थाको विकास हनु बाँकी रहेकाछे । विपद्का घटनापछि स्वतःस्फुर्त रूपमा आउने जागरूकता, मानवीय सहयोगको भावना र राहत सहयोगको एकीकृत प्रयोगहुन नसकी हरेक पटक अलमल र द्विविधा देखापर्ने गरेको पनि छ । राहतको संकलन र परिचालनमा दोहोरोपन आउन नदिन एक कार्यसंचालन विधी (Standard Operating Procedure) तर्जुमा गरी लागु गर्नुपर्ने आवश्यकता छ । आपत्कालिन परिस्थितिमा काम गर्नसक्ने अभ्यस्तताको विकासको निमित्त समय-समयमा गरीरहनु पर्ने पवू ाभ्यासका कामहरू निरन्तर गर्न नसकिएको अवस्था छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन ।

| क्र.स. | रणनीतिक क्रियाकलापहरु | अपेक्षित परिणाम | जिम्मेवारी | सहयोगी | समय सीमा |
|---|---|---|---|---|---|
| १ | आपत्कालिन कार्य सञ्चालन केन्द्रहरूको क्षमता अभिवृद्धि गर्ने | क्षमता अभिवृद्धिभएको हुनेछ | गा.पा. | बिकास साझेदार | मध्यकालीन |
| २ | प्रत्येक बर्ष मनसुन अगाडी विपद् पूर्वतयारी कार्यशाला र मनसुन पछि समीक्षा गोष्ठी गर्ने | पूर्वतयारी तथा प्रतिकार्यको परिक्षण भएको हुनेछ | गा.पा. | बिकास साझेदार | मध्यकालीन |
| ३ | राहत संकलन र परिचालनमा दोहोरोपना आउन नदिन कार्यविधी बनाई एकद्वार प्रणाली अवलम्बन गर्ने | प्रतिकार्यमा एकरूपता भै दोहोरोपना हट्नेछ | गा.पा. | बिकास साझेदार | दीर्घकालीन |
| ४ | पालिका तथा वडा स्तरमा तालिम प्राप्त प्रथम उद्धारकहरू (First Responders) तयार गर्ने | प्रथम उद्धारकहरूको टोली स्थापना भएको हुनेछ | गा.पा. | बिकास साझेदार | अल्पकालीन |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | राजमार्ग, शहरी तथा ग्रामीण सडकहरुसगै रहेका एम्बुलेन्स सेवाहरुको सञ्जाल बनाउने | एम्बुलेन्स सेवा सहज उपलब्ध भएको हुनेछ | गा.पा. | बिकास साझेदार | दिर्घकालिन |
| ६ | विपद्बाट प्रभावित व्यक्ति तथा समुदायलाई मानवीयसहायता उपलब्ध गराउँदा आधारभूत मानवीय मापदण्ड को अनुसरण गर्ने, गराउने | मानवीय सहायता गुणस्तरिय भएको हुनेछ | गा.पा. | बिकास साझेदार | दिर्घकालिन |
| ७ | विपद् क्षतिको द्रुत आँकलन विधीबाट तथ्याङ्क संकलन गर्ने | क्षतिको आँकलनभएको हुनेछ | गा.पा. | बिकास साझेदार | निरन्तर |
| ८ | विपद् पश्चात आपत्कालिन रूपमा शिक्षा, स्वास्थ्य, पोषण तथा खानेपानीको प्रबन्ध गर्ने कार्य सुनिश्चित गर्ने | आपत्कालिन प्रबन्ध भएको हुनेछ | गा.पा | बिकास साझेदार | निरन्तर |
| ९ | विपद् पश्चात प्रदान गरीने राहत, उद्धार र पुनर्स्थापनाका सेवा सुविधाहरूमा संकटाउन्मुख र सिमान्तकृत वर्गको प्राथमिकता र पहुँचमा बृद्धि सुनिश्चित गर्ने | आपतकालिन सुविधाहरूमा सिमान्तकृत वर्गको पहुँच भएको हुनेछ | गा.पा | बिकास साझेदार | निरन्तर |
| १० | पालिका तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने | पूर्वतयारी तथा प्रतिकार्य योजना उपलब्ध भएको हुनेछ | गा.पा | बिकास साझेदार | निरन्तर |
| ११ | प्रभावकारी पूर्वतयारी तथा प्रतिकार्यका लागि नियमित रूपमा कृत्रिम घटना अभ्यास गर्ने | प्रतिकार्य प्रभावकारी भएको हुनेछ | गा.पा | बिकास साझेदार | निरन्तर |
| १२ | अग्नी नियन्त्रक समूह खडा गरी श्रोत, साधन र तालिम मार्फत क्षमता अभिवृद्धि गर्ने | आगलागि नियन्त्रण क्षमता अभिवृद्धि भएको हुनेछ | गा.पा | बिकास साझेदार | निरन्तर |
| १३ | विपद् पश्चात आवश्यक सामाजिक परामर्श र मानसिक स्वास्थ्यको प्रवर्धन गर्न तालिम प्राप्त र दक्ष मानवीय श्रोतको विकास गर्ने | मनोसामाजिक परामर्शदाता उपलब्ध भएको हुनेछ | गा.पा | बिकास साझेदार | निरन्तर |
| १४ | प्रभावकारी प्रतिकार्यका लागि पालिकास्तरमा क्षेत्रगत समूह अवधारणा (Cluster Approach) स्थापित गर्ने | प्रभावकारी प्रतिकार्य भएको हुनेछ | गा.पा | बिकास साझेदार | निरन्तर |
| १५ | महिला, बालबालिका, बृद्धबृद्धा र अपाङ्ग व्यक्तिहरूको खोज, उद्धार र प्रतिकार्यको क्रममा सुरक्षा र अन्य आवश्यकताहरूको लागि विशेष ब्यवस्था गर्ने | विपद्कोसमयमा संकटउन्मुख समूहको सुरक्षा भएको हुनेछ | गा.पा | बिकास साझेदार | निरन्तर |
| १६ | सामुदायिक संस्थाहरू (बाल क्लब, युवा क्लब, आमा समूह, वरिष्ठ नागरीक मञ्च, नागरीक सरोकार केन्द्र, वन उपभोक्ता समिती आदि) को विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता अभिबृद्धि गर्ने | सामुदायिक संस्थाहरूको प्रतिकार्य क्षमता विकास भएको हुनेछ | गा.पा | बिकास साझेदार | मध्यकालीन |

### ८.५ उत्थानशील पुनर्निर्माण र पुनर्स्थापनाका लागी अझ राम्रो र बलियो अवधारणा प्रवर्द्धन

विपद् पश्चात अझ राम्रो र बलियो निर्माण गर्न पुनर्निर्माण र पुनःस्थापनाका लागि स्तरीय निर्माण सामाग्रीको आपूति, निर्माण कार्यलाई जोखिम प्रतिरोधक बनाउने, निर्माण कार्यमा संलग्न व्यवसायी तथा प्राविधिकहरूको क्षमता अभिबृद्धि गर्नु आवश्यक छ। विपद् जोखिमको आधारमा जमिनको वर्गिकरण गरी उच्च जोखिमयुक्त क्षेत्रमा संरचना निर्माणमा रोक लगाउनु जरूरी छ। "अझ राम्रो र बलियो निर्माण" का लागि आधुनिक प्रविधि सम्बन्धी अनुसन्धान र विकास गर्नु आवश्यक छ। यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन्।

| क्र.स. | रणनीतिक क्रियाकलापहरु | आशातित उपलब्धी | जिम्मेवारी | सहयोगी | समय सीमा |
|---|---|---|---|---|---|
| १ | पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा "अझ राम्रो र बलियो निर्माण" का लागि निर्देशिका तयार गर्ने | निर्देशिका उपलब्ध भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदार | अल्पकालिन |
| २ | पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा विपद् जोखिम न्यूनीकरणका कार्यहरूलाई समावेस गर्ने | भविष्यमा विपद् जोखिम कम भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदार | अल्पकालिन |
| ३ | पुनःस्थापना र पुनर्निर्माणमा स्थानीय श्रोत, साधन, प्रविधि, ज्ञान तथा सीपको विकास र उपयोग गर्ने | पुनःस्थापना र पुनर्निर्माण मितब्ययी तथा दिगो हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदार | मध्यकालिन |
| ४ | विपद् प्रभावित क्षेत्रमा भौतिक पूर्वाधारको पुनर्निर्माण तथा मर्मतसम्भार गर्दा महिला, जेष्ठ नागरीक, अपाङ्ग, बालबालिकाको विशेष आवश्यकताको सम्बोधन गर्ने | भौतिक पूर्वाधार संकटासन्न मैत्री भएका हुनेछन् | गेरुवा गा.पा. | बिकास साझेदार | मध्यकालिन |
| ५ | भवन निर्माण, प्रवलीकरण र मर्मत सम्भारका बारेमा तालिम पुस्तिका र जानकारी, शिक्षा तथा संचार (Information, Education and Communication) का सामग्रीको विकास र वितरण गर्ने | जानकारी, शिक्षा तथा संचार सामग्री तयार भएको हुनेछ। | गेरुवा गा.पा. | बिकास साझेदार | मध्यकालिन |
| ६ | प्रकोप प्रतिरोधी पुनर्निर्माणका लागि ईन्जिनियर, निर्माणकर्मी, डकर्मी, सिकर्मी, ठेकेदार र आपूर्तिकर्ताको तालिम र चेतनामूलक कार्यक्रमबाट क्षमता अभिबृद्धि गर्ने | अझ राम्रो पुनर्निर्माणका लागि क्षमता अभिबृद्धि भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदार | मध्यकालिन |
| ७ | स्थानीय रेडियो, टेलिभिजन, छापा र अनलाईन मिडिया मार्फत प्रकोप प्रतिरोधी निर्माण विधि र विपद् जोखिम न्यूनीकरण बारे जनचेतनामूलक कार्यक्रम तयार गरी सञ्चालन गर्ने | प्रकोप प्रतिरोधी निर्माण विधि बारे जनचेतना बृद्धि भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदार | मध्यकालिन |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | पुनर्निर्माणमा भूकम्प, बाढी, तथा अन्य प्राकृतिक प्रकोप प्रतिरोधी निर्माण विधी अवलम्बन गर्ने | संरचनाहरू प्राकृतिक प्रकोप प्रतिरोधी भएको हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदार | दिर्घकालिन |
| ९ | पूर्वाधार र भवनहरूको पुनर्निर्माणमा निर्माण संहिताको पालना गराउने र निर्माण सामग्रीको गुणस्तर सुनिश्चित गर्ने | अझ राम्रो र बलियो निर्माण हुनेछन् | गेरुवा गा.पा. | बिकास साझेदार | दिर्घकालिन |
| १० | उच्च जोखिम क्षेत्रका बस्तीहरू कम जोखिम क्षेत्रमा सार्ने | बस्तीहरू सुरक्षित हुनेछन् | गेरुवा गा.पा. | बिकास साझेदार | दिर्घकालिन |
| ११ | पुनर्निर्माण गर्दा भौतिक पूर्वाधारहरूको योजना सहित एकीकृत बस्ती विकास गर्ने | योजनाबद्ध बस्ती विकासले अझ राम्रो पुनर्निर्माण हुनेछ | गेरुवा गा.पा. | बिकास साझेदार | दिर्घकालिन |

## अध्याय ९

### १४. विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि वित्तीय व्यवस्था

यस रणनीतिक कार्ययोजनाको प्रभावकारी तथा दक्षतापूर्ण कार्यान्वयनका लागि आवश्यक आर्थिक स्रोतको व्यवस्था निम्न प्रकारले गरीनेछ ।

- संघ र प्रदेश अन्तरगतका विषयगत मन्त्रालय वा विभागहरूबाट प्राप्त नियमित बजेट
- संघ र प्रदेश अन्तरगतका विषयगत मन्त्रालय वा विभागहरूबाट विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि बजेट ।
- विपद् घटनापछि पुनर्लाभ र पुर्ननिर्माणका लागि प्राप्त विशेष बजेट
- स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यक्रमको लागि बजेट ।
- संघ, प्रदेश, स्थानीय तथा सामुदायिक तहमा स्थापित “विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कोष” ।
- नीजि संस्थाहरू, उद्योग वाणिज्य संघ, सहकारी, बैंक, वित्तीय संस्था तथा वीमा कम्पनीहरूको लगानी तथा सहायता ।
- विकास साझेदारहरू (द्विपक्षीय, बहुपक्षीय, संयुक्त राष्ट्र संघ अन्तर्गतका निकायहरू) बाट सहयोग ।
- अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू एवं रेडक्रस अभियानका अंगहरुबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रम बजेट ।

### १५. विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाको कार्यान्वयन

विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजना कार्यान्वयनको लागि देहाय बमोजिमका उपायहरू अवलम्बन गरीनेछन् ।

१५.१ कार्ययोजनाको योजनाबद्ध कार्यान्वयनका लागि आवधिक तथा वार्षिक योजना तर्जुमा गरी लागु गरीनेछ ।

१५.२ विषयगत क्षेत्र, सार्वजनिक निकायहरु, विकासका साझेदार तथा नीजि क्षेत्रको कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस नीति तथा कार्ययोजनालाई मार्गदर्शनको रुपमा लिइनेछ ।

१५.३ विपद् जोखिम न्यूनीकरण सम्बन्धि आयोजना तथा कार्यक्रम निरन्तर कार्यान्वयनका लागि प्राथमिकताका आधारमा बहुबर्षीय कार्यक्रम र बजेटको तर्जुमा गरी श्रोत व्यवस्थापन गरीनेछ ।.

१५.४ संघिय तथा प्रादेशिक सरकार, सरकारी एवं गैरसरकारी सरोकारवालाहरू, विकास साझेदारहरू, राजनीतिक दल तथा भातृ संगठनहरु तथा नीजि क्षेत्रहरुसँगको सहकार्य र समन्वयमा यस कार्ययोजनाको कार्यन्यवन गरिनेछ ।

१५.५ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन मा व्यवस्था गरे बमोजिम आवश्यक संस्थागत संरचना निर्माण गरिनेछ ।

### १६. समन्वय, अनुगमन तथा मूल्याङकन

१६.१ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित कार्यहरुको प्रभावकारी कार्यान्वयनको लागि जिल्ला तथा गाउँपालिका तहमा सरकारी, नीजि, गैर सरकारी संस्था, रेडक्रस, राजनीतिक दलहरु तथा सरोकारवालाहरु बीच समन्वय र सहकार्य गरिनेछ ।

१६.२ गाउँपालिका स्तरीय स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले यस नीति तथा कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कन वार्षिक तथा नियमित रुपमा गर्नेछ ।

१६.३ विपद् जोखिम न्यूनीकरण कार्यले पुऱ्याएको योगदानको अनुगमन गर्दा जोगिएको जनधनको विवरण, जोखिम न्यूनीकरण तथा नियन्त्रणका लागि निर्माण गरिएका भौतिक संरचनाहरुबाट पुग्न गएको सुविधा र प्रतिफल, प्रभावित समुदायको उत्थानशीलतामा आएको परिवर्तन आदिलाई ध्यान दिइनेछ ।

१६.४ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी सम्पुर्ण विवरण वार्षिक रुपमा अद्यावधिक गरी "गाउँपालिका विपद् प्रतिवेदन" प्रकाशन गरिनेछ ।

**१७. समीक्षा र पुनरावलोकन :** विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजना–२०७७ लाई आवश्यकता अनुसार वा हरेक पाँच वर्षमा पुनरावलोकन गरीनेछ । परिवर्तित अवस्था, सिकाई र आवश्यकता अनुसार रणनीतिक कार्य योजना अद्यावधिक गरीनेछ । रणनीतिक कार्य योजना अद्यावधिक गर्नको लागि सबै सम्बद्ध निकायहरू सहभागी हुनेछन् ।

# अध्याय १०

# योजनाको कार्यान्वयन, अनुगमन, समीक्षा र संशोधन

## १०.१ योजनाको कार्यान्वयन

यस योजनाले अबलम्बन गरेका उद्धेश्य तथा प्रतिफल प्रभावकारी रुपले हासिल गर्नका लागि यसमा उल्लेखित रणनैतिक क्रियाकलापहरुको कार्यान्वयन हुन आवश्यक छ। यसको कार्यान्वयन लागि आवश्यक नीतिगत तथा संरचनागत व्यवस्था, आर्थिक तथा मानवीय श्रोतको परिचालन र सम्बन्धित पक्षको एकिकृत प्रयास हुन जरुरी रहन्छ। विपद जोखिम व्यवस्थापन कार्य छुट्टैका साथै अन्तरसम्बधित विषय भएको हुनाले यी दुवै पक्षमा ध्यान जान आवश्यक हुन्छ साथै कार्यान्वयन प्रक्रिया उद्धेश्य अनुरुप मार्गमा सञ्चालन गर्न नियमित अनुगमन र समिक्षा हुन आवश्यक छ। जसका आधारमा कार्यक्रम, प्रक्रिया र श्रोत परिचालनमा आवश्यक समायोजन तथा संशोधन गरिनेछ। यस कार्यका लागि यस प्रदेशमा देहाय बमोजिमका प्रक्रियाहरु अवलम्बन गरिनेछ।

यस योजनाको कार्यान्वयनका लागि स्थानिय सरकारले प्रचलित कानुन बमोजिम अफू मातहतका सुरक्षा निकायहरु, वारुणयन्त्र तथा अन्य सेवा प्रदायक निकाय, सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठान, गैरसरकारी संस्था तथा रेडक्रस अभियान लगायत अन्य निकायहरुलाई परिचालन र सहकार्य गर्नेछ। स्थानिय विपद व्यवस्थापन समिति अन्तर्गत गाउँपालिकाको विपद् व्यवस्थापन शाखाले विपद व्यवस्थापन सम्बन्धमा सम्पूर्ण कार्यको कार्यान्वयन प्रकृया तपसील बमोजिम गर्ने छ।

१) वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा अपनाउने सात चरण प्रक्रियामा जलवायु परिवर्तन तथा विपद व्यवस्थापन सम्बन्धि सूचकहरुलाई प्राथमिकतामा समाहित गर्नेछ।

२) यस कार्ययोजनाको योजनावद्ध कार्यान्वयनका लागि गाउँपालिका स्तरिय आवधिक तथा वार्षिक योजना तर्जुमा गरी लागू गरिने छ। साथै कार्ययोजनालाई परियोजनाको रुपमा विस्तृतीकरण गरिनेछ।

३) परियोजनाहरुको प्राथमिकताका आधारमा बहुवर्षीय कार्यक्रम र बजेट तर्जुमा गरी आन्तरिक तथा वाह्य श्रोत व्यवस्थापन गरिनेछ।

४) गाउँपालिका अर्न्तगतका बिषयगत शाखाका कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस कार्ययोजनाका क्रियाकलापहरुलाई समाहित गरिनेछ।

५) यस कार्ययोजनाको कार्यान्वयन गर्दा प्रदेश, जिल्ला तथा यस गाउँपालिकाको विपद् व्यवस्थापन समिति र योजनाहरु बीच आवश्यक समन्वय र सहकार्य गरिने छ।

६) यस कार्ययोजना कार्यान्वयन गर्न सार्वजनिक निजी (PPP Model) लगायत सहकार्यमा विभिन्न ढाँचाहरु प्रयोग गरी संयुक्त लगानी गरिने छ।

७) यस कार्ययोजना कार्यान्वयनका लागि आवश्यक नीतिगत तथा संरचनागत व्यवस्था गरिनेछ।

## १०.२ योजनाको अनुगमन, समीक्षा र संशोधन

यस कार्ययोजना कार्यान्वयनको नियमित अनुगमन प्रक्रिया अबलम्बन गरिने छ। गाउँपालिका उपाध्यक्षको नेतृत्वमा रहेको अनुगमन समितिले बिकास निर्माणका कार्यहरुको अनुगमन गर्दा र विपद जोखिम व्यवस्थापन सम्बन्धी सूचक समावेश गरिनेछ। गाउँपालिकाको अनुगमन प्रणालीमा विपद् सूचकहरु समावेश गरिनेछ।

यो रणनैतिक कार्य योजना हरेक पाँच वर्षमा पूनरावलोकन गरिनेछ । पुनरावलोकन गर्दा सम्बन्धीत सरोकारवालाहरुको परामर्श र सहभागितामूलक विधि अपनाइने छ । संघीय, प्रदेश र यस गाउँपालिकाको कानून र नीति परिवर्तन भएमा, प्रमुख विपद घटना पछिको सिकाईलाई समेट्न जरुरी भएमा, स्थानिय विपद व्यवस्थापन समितिले आवश्यक ठानेको अवस्थामा यो रणनीतिक कार्ययोजना अद्यावधिक गरिनेछ । पुनरावलोकन गर्दा यो कार्ययोजना कार्यान्वयनको दौरान भएका सिकाईहरु तथा उपलब्धीहरुलाई समिक्षा गरिने छ ।

## सन्दर्भ सामाग्री

- सेण्डाई कार्यढाँचा :
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४
- स्थानीय सरकार संचालन ऐन २०७४
- राष्ट्रिय विपद् जोखिम न्युनिकरण रणनितिक कार्ययोजना २०७५
- विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५
- ५ नं. प्रदेश विपद् जोखिम न्युनिकरण रणनितिक कार्ययोजना - मस्यौदा)
- ५ नं. प्रदेश विपद् व्यवस्थापन कार्य संचालन निर्देशिका २०७६,
- ५ नं. प्रदेश विपद् कोष संचालन निर्देशिका, २०७५,
- ५ नं. प्रदेश विपद् व्यवस्थापन निति (मस्यौदा)
- नेपाल सरकार (२०७५), जलवायु परिवर्तन नीति, २०७५
- नेपाल दिगो विकास लक्ष्यहरु : वर्तमान अवस्था र भावी मार्गचित्रः २०१६-२०३०
- पन्ध्रौ योजना आर्थिक वर्ष २०७६/७७-२०८०/८१
- राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०७० (प्रथम संशोधन २०७५)
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७ (प्रथम संशोधन २०७६)
- बर्दिया जिल्लाको विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना २०७७
- स्थानिय विपद जोखिम न्युनिकरण तथा विपद व्यवस्थापन ऐन २०७६
- वडा तथा पालिका स्तरमा विपद् जोखिम सम्बन्धी सुचना संकलन फारामबाट प्राप्त जानकारीहरु
- वडा स्तरीय संकटासन्न्ता तथा क्षमता विश्लेषण प्रतिवेदन

**आज्ञाले**
**नर बहादुर चन्द**
**प्रमुख प्रशासकीय अधिकृत**